मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ | अंक १८८ | २०८३ साल जेष्ठ १३ गते बुधबार | Wednesday 27, May 2026 | सूर्योदयः बिहान ०५:१२ बजे | सूर्यास्तः साँझ ०६:५२ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## रंगशाला र अस्पताललाई बजेट माग

**मधेशदृष्टि**
**वीरगंज।**
आगामी आर्थिक वर्षको बजेटमा वीरगंजस्थित नारायणी रंगशाला र नारायणी अस्पताललाई उच्च प्राथमिकतामा राख्न सरकारसँग माग गरिएको छ। प्रतिनिधिसभा बैठकमा बोल्दै हरि पन्तले मधेश प्रदेशको प्रमुख व्यापारिक केन्द्र वीरगंजले मुलुकको राजस्व संकलनमा महत्वपूर्ण योगदान पुर्‍याए पनि राज्यबाट निरन्तर उपेक्षामा परेको आरोप लगाए। राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद पन्तले विकास निर्माणका योजनामा वीरगंज पछाडि पारिएको उल्लेख गर्दै दशरथ रंगशालापछिको ठूलो खेल संरचनाका रूपमा रहेको नारायणी रंगशालाको स्तरोन्नति तथा ऐतिहासिक

बाँकी पृष्ठ २ मा

# मन्त्रिमण्डलले पायो पूर्णता
## मन्त्रीहरुले लिए शपथ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
लामो समयदेखिको रस्साकस्सी र मन्त्रालय बाँडफाँटको विवादपछि मधेश प्रदेश सरकारको मन्त्रिमण्डलले पूर्णता पाएको छ। मुख्यमन्त्री कृष्ण प्रसाद यादवले सत्ता साझेदार दलबीच सहमति जुटेपछि मन्त्रिमण्डल विस्तार गरेका हुन्।

नेकपा (माओवादी केन्द्र) ले अर्थ मन्त्रालयमा दाबी कायम राखेपछि सरकार विस्तारको मिति पटक–पटक तय भएर पनि स्थगित हुँदै आएको थियो। तर सत्ता साझेदार नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच १५ बुँदे समझदारीपत्रमा लिखित सहमति भएपछि सरकार विस्तारको गाँठो फुकेको हो।

नयाँ सहमतिअनुसार सरकारलाई ९ सदस्यीय बनाउने भनिएपछि, सरकारले साउनपछि मात्रै यो सहमति कार्यान्वयनमा ल्याउने भनिएको छ। अहिले १० सदस्यीय मन्त्रिपरिषद्को आकार कायमै छ। मन्त्रालय बाँडफाँटमा कांग्रेसलाई ३ र एमालेलाई र नेकपालाई ४–४ मन्त्रालय परेको छ।

साथै, सहमतिअनुसार नेपाली कांग्रेसका कृष्ण प्रसाद यादवको सरकारलाई चुनावसम्ममै यो सरकारलाई निरन्तरता दिने सहमति पनि सत्तागठबन्धनमा भएको छ।

- **गगन समूहलाई 'सरप्राइज'**

मन्त्रिमण्डल विस्तारसँगै नेपाली कांग्रेसभित्रको आन्तरिक सन्तुलन मिलाउने प्रयास पनि गरिएको छ। कांग्रेस सभापति शेरबहादुर देउवा पक्षका मानिने स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल रायलाई सरकारबाट बाहिर निकाल्दै गगन थापा निकट मानिएका रौतहटका नागेन्द्र प्रसाद साहलाई मन्त्री बनाइएको छ।

नागेन्द्र प्रसाद साहलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी दिइएको छ। कांग्रेसबाट वन तथा वातारण मन्त्री शंकर प्रसाद चौधरी र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा रहेका श्याम प्रसाद पटेलले निरन्तरता पाएका छन्।

- **एमालेबाट समिरलाई भौतिक पूर्वाधार**

नेकपा एमालेबाट यसअघि विना विभागीय मन्त्रीको शपथ लिएका महम्मद समिरलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ।

त्यस्तै एमालेबाट शारदादेवी थापालाई श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी दिइएको छ भने लखन दासलाई समाज कल्याण तथा खेलकुद मन्त्रालय र मनोज सिंहलाई शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेवारी दिइएको छ।

एमालेले प्रदेश सरकारमा प्रभावशाली मन्त्रालयसहित आफ्नो उपस्थिति बलियो बनाउने प्रयास गरेको देखिएको छ।

- **नेकपालाई अर्थ मन्त्रालय**

नेकपा मधेश प्रदेश संसदीय दलका नेता युवराज भट्टराईलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिइएको छ। अर्थ मन्त्रालयलाई लिएर सत्ता गठबन्धनभित्र सबैभन्दा बढी विवाद देखिएको थियो। अन्ततः नेकपाले यो मन्त्रालय आफ्नो भागमा पारेका छन्।

त्यस्तै जवाहरलाल कुशवाहालाई ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा र फकिरा महतोलाई गृह, सञ्चार तथा कानुन मन्त्रीको रुपमा यथावत राखिएको छ।

प्रचण्ड समूहले तीन मन्त्रालय पाउँदा माधव नेपाल पक्षले भने एउटा मात्रै मन्त्रालयमा चित्त बुझाउनुपरेको छ। माधव पक्षबाट कनिष पटेल उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमै यथावत राखिएका छन्।

गत वैशाख २२ गते जनमत पार्टी नेपालले नेपाली कांग्रेसका मुख्यमन्त्री कृष्ण प्रसाद यादव नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको थियो। त्यसपछि संघीय राजनीतिक समीकरण परिवर्तन भएसँगै कांग्रेस, एमाले र नेकपाबीच नयाँ सहकार्य बनेको हो। नयाँ गठबन्धन निर्माणपछि सरकारको सहयात्री रहेको जसपा नेपालका तीन मन्त्रीलाई सरकारबाट बर्खास्त गरिएको थियो। त्यसयता मधेश सरकार विस्तारको प्रक्रिया लामो समयसम्म अन्योलमा परेको थियो। हाल मधेश प्रदेशसभामा १०२ सदस्य कायम छन्। प्रदेशसभामा नेपाली कांग्रेसका २२, एमालेका २४, जनमत पार्टीका १२, नेकपाका १५, जसपा नेपालका २६ तथा नागरिक उन्मुक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टी र राप्रपाका १–१ सांसद रहेका छन्।

यसअघि प्रदेशसभामा १०७ सदस्य रहेकामा जसपा नेपालका अभिराम शर्मा र सरोजसिंह कुशवाहा निलम्बनमा छन्। जनमत पार्टीका सतीशकुमार सिंह, एमालेका पूर्वसभामुख रामचन्द्र मण्डल तथा नेकपाका भरतप्रसाद साह र रहवर अन्सारी प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बनेपछि प्रदेशसभा सदस्यबाट राजीनामा दिएका थिए। यस्तै जसपा नेपालका रामअशिष यादव सभामुख रहेकाले उनको मत गणनामा समावेश हुने छैन।

- **मधेश सरकारको मन्त्रिपरिषद् विस्तार**

मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् विस्तार गरिएको छ। मङ्गलबार प्रदेश प्रमुख सुरेन्द्र लाभले नवनियुक्त मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका हुन्।

मन्त्रिपरिषद् विस्तारसँगै युवराज भट्टराईलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिइएको छ। त्यस्तै लखनदास तत्मा लाई खेलकुद तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी दिइएको छ। शारदादेवी थापालाई श्रम तथा यातायात मन्त्रालयको जिम्मेवारी दिइएको छ भने मनोज कुमार सिंहलाई श्रम तथा संस्कृति मन्त्रालयको जिम्मेवारी प्रदान गरिएको छ।

यस्तै नागेन्द्र साहलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी दिइएको छ। मोहम्मद समीर भौतिक पूर्वाधार मन्त्री बनेका छन्। यसअघि उनी विना विभागीय मन्त्रीको रूपमा सरकारमा रहेका थिए।

दलगत भागबण्डाअनुसार नेपाली कम्युनिस्ट पार्टी र नेपाली कांग्रेस बाट एक–एक जना मन्त्री सरकारमा सहभागी भएका छन् भने नेकपा एमाले बाट चार जना मन्त्री नियुक्त भएका छन्।

## कांग्रेसका सचेतक झाद्वारा राजीनामा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारको मन्त्री परिषद् विस्तारसँगै नेपाली कांग्रेसभित्र असन्तुष्टि सतहमा देखिन थालेको छ। नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका सचेतक कुम्मरकान्त झाले आफ्नो पदबाट राजीनामा दिएका छन्।

उनले सामाजिक सञ्जाल फेसबुकमार्फत आजैको मितिदेखि लागू हुने गरी राजीनामा दिएको जानकारी दिएका हुन्। राजीनामाको कारण उनले 'आन्तरिक' उल्लेख गरे पनि मन्त्री परिषद् विस्तारप्रति असन्तुष्टि जनाउँदै उनले कदम चालेको बुझिएको छ।

मुख्यमन्त्री कृष्ण प्रसाद यादवले मन्त्री परिषद् विस्तार गरेकै दिन कांग्रेसका सचेतक झाले राजीनामा दिएपछि सत्ता गठबन्धनभित्र असन्तुष्टि बढेको संकेत देखिएको छ।

## सत्तारुढ घटकबीच १५ बुँदे सहमति
## जोगियो मधेश सरकार



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारमा सहभागी तीन दलबीच १५ बुँदे सहमति भएको छ। सहमतिसंगै संकटमा देखिएको मधेश सरकार जोगिएको छ। सत्ता साझेदार दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाबीच सरकारलाई आगामी निर्वाचनसम्म निरन्तरता दिने, बजेट तथा मन्त्रालय व्यवस्थापनमा साझा समझदारी कायम गर्ने लगायत विषयमा सहमति भएको हो।

यसअघि गठबन्धनभित्रको असन्तुष्टिका कारण सरकार विस्तार प्रक्रिया प्रभावित बनेको थियो। विशेषगरी नेकपाको असन्तुष्टिपछि तीन दलबीच पुनः छलफल गरी विस्तारित १५ बुँदे सहमति तयार गरिएको जनाइएको छ। सहमति पत्रमा सरकार सञ्चालन साझेदार दलहरूबीच आपसी समन्वय र समझदारीका आधारमा तीव्र गतिमा काम अघि बढाइने उल्लेख गरिएको छ। साथै जनताले प्रत्यक्ष रूपमा सुशासनको अनुभूति गर्ने गरी काम गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ।

तीन दलले आर्थिक वर्ष २०८३–८४ को बजेट निर्माण गर्दा विकास योजनामा एक करोड रुपैयाँभन्दा कम बजेट विनियोजन नगर्ने निर्णय गरेका छन्। आगामी आर्थिक वर्षदेखि मन्त्रिपरिषद्को आकार घटाएर मुख्यमन्त्रीसहित ९ सदस्यीय बनाउने समझदारी पनि गरिएको छ।

सहमति अनुसार मुख्यमन्त्री साझा रहनेछन् भने नेपाली कांग्रेस र नेकपा एमालेले तीन–तीन मन्त्रालय तथा नेपाल कम्युनिष्ट पार्टीले दुई मन्त्रालय पाउने सहमति भएको छ।

विकास निर्माणका योजना खुला तथा प्रतिस्पर्धात्मक प्रक्रियाबाट सञ्चालन गर्ने, आर्थिक वर्ष सुरु भएसँगै योजना कार्यान्वयन अघि बढाउने तथा कर्मचारी सरुवालाई व्यवस्थित बनाउन मापदण्ड तयार गरी लागू गर्ने विषय पनि सहमतिमा समेटिएको छ।

त्यस्तै, परियोजना बैंकमा समावेश योजनालाई प्राथमिकता दिने, अधुरा योजनाका लागि छुट्टै शीर्षक बनाएर बजेट व्यवस्थापन गर्ने तथा प्रदेश सरकारको कामलाई प्रभावकारी बनाउन मुख्यमन्त्रीको संयोजकत्वमा कार्यदल गठन गरिने उल्लेख गरिएको छ। उक्त कार्यदलमा सरकारमा सहभागी दलका संसदीय दलका नेताहरू रहनेछन्।

तीन दलले प्रदेश कानुन संशोधन, पुनरावलोकन तथा नयाँ कानुन निर्माणलाई प्राथमिकतामा राख्ने, संघीय र स्थानीय तहसँग समन्वय र सहकार्यमा काम गर्ने प्रतिबद्धता पनि जनाएका छन्।

सहमति पत्रमा आर्थिक सुशासन कायम गर्न नसक्ने मुख्यमन्त्री वा मन्त्रीलाई पदमुक्त गरिने व्यवस्था उल्लेख गरिएको छ। साथै आर्थिक वर्ष २०८२–८३ का कानुनी समयसीमा समाप्त भएका उपभोक्ता समिति गठनसम्बन्धी पत्रहरू रद्द गरिने पनि जनाइएको छ।

सहमति पत्रमा मुख्यमन्त्री तथा कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव, एमाले संसदीय दलका नेता सरोज कुमार यादव तथा नेकपा संसदीय दलका नेता युवराज भट्टराईले हस्ताक्षर गरेका छन्।

यसअघि गत बिहीबार तीन दलबीच भएको नौ बुँदे सहमतिमा हस्ताक्षर नभएपछि नेकपा असन्तुष्ट बनेको थियो। सोही विवाद समाधान गर्दै नौ बुँदेलाई विस्तार गरी १५ बुँदे सहमति तयार गरिएको हो।

# सुगम भूगोल, गहिरो गरिबीः
## मधेशका विपन्न समुदाय बजेटबाट सम्बोधन हुने अपेक्षामा

**मधृशदृष्टि**
**जनकपुरधाम।**
भौगोलिक रूपमा देशकै सबैभन्दा सुगम मानिने मधेश प्रदेशमा गरिबीको अवस्था भने अझै चिन्ताजनक रहेको देखिएको छ। बहुआयामिक गरिबीको राष्ट्रिय औसत १४ प्रतिशत रहे पनि मधेश प्रदेशमा यो दर २४ प्रतिशत पुगेको छ। त्यसैले आगामी संघीय बजेटले मधेशको गरिबी निवारणलाई विशेष प्राथमिकतामा राख्नुपर्ने आवाज उठ्न थालेको छ।




धनुषाको बैदही रेल्वे स्टेशन नजिक रहेको मुसहर बस्ती यसको प्रतिनिधिमूलक उदाहरण बनेको छ। करिब दुई सय घरपरिवार बसोबास गर्ने उक्त बस्तीका अधिकांश परिवार वर्षौंदेखि ऐलानी जग्गामा सानो छाप्रो बनाएर जीवन बिताइरहेका छन्। आफ्नो नाममा एक धुर जग्गासमेत नभएका मुसहर समुदायका मानिसहरू मजदुरीकै भरमा जीविका चलाउन बाध्य छन्।

वर्षायामको झरी, बाढी, हिउँदको चिसो र गर्मीको चर्को घाम एउटै अस्थायी छाप्रोमा सहन बाध्य यो समुदाय अझै आधारभूत सुविधाबाट टाढा छ। २०७८ सालको जनगणनाअनुसार देशको कुल जनसंख्याको २० दशमलव ४० प्रतिशत अर्थात् ६१ लाखभन्दा बढी जनसंख्या मधेश प्रदेशमा बसोबास गर्छन्। तीमध्ये ठूलो हिस्सा अझै गरिबीको रेखामुनि रहेको तथ्यांकले देखाउँछ।

आर्थिक, सामाजिक तथा शैक्षिक रूपमा पछाडि पारिएका समुदाय अझै रोजगारी, शिक्षा र स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित छन्। मधेश प्रदेशमा दलित सशक्तीकरणसम्बन्धी कानुन बने पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको गुनासो बढ्दो छ।

रासन कार्ड वितरण, उच्च शिक्षाका लागि छात्रवृत्ति, विभेद अन्त्य तथा सम्मानजनक जीवनयापन सुनिश्चित गर्न स्थानीय तहमा समिति गठन गर्ने योजना घोषणा गरिए पनि अधिकांश कार्यक्रम व्यवहारमा लागू हुन सकेका छैनन्। त्यसैले आगामी बजेटले कागजी योजनाभन्दा भुइँ तहका नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रम ल्याउनुपर्ने अपेक्षा गरिएको छ।

मधेश प्रदेशमा देशकै ठूलो औद्योगिक करिडोर, आधुनिक भन्सार नाका, उर्वर कृषि भूमि, सडक सञ्जाल र विमानस्थलजस्ता पूर्वाधार भए पनि शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा प्रदेश राष्ट्रिय औसतभन्दा पछाडि रहेको तथ्यांकले देखाएको छ।

विशेषगरी दलित समुदाय अझै बहुआयामिक गरिबीको उच्च जोखिममा रहेको छ। मधेशमा करिब १४ देखि १५ लाख दलित गरिबीको रेखामुनि रहेको अनुमान छ भने ४४ प्रतिशत दलित भूमिहीन छन्। त्यसैले अबको बजेटले व्यावसायिक कृषि, उत्पादनमूलक क्षेत्र, शिक्षा, रोजगारी र गरिबी निवारणलाई केन्द्रमा राखेर दलित तथा विपन्न समुदायको जीवनस्तर उकास्ने कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औंल्याइएको छ।

## दुर्गा प्रसाईं थुनामुक्त

**मधेशदृष्टि**
**वीरगंज।**
'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाअभियान' का संयोजक दुर्गा प्रसाईं थुना मुक्त भएका छन्। पर्सा जिल्ला अदालतले मंगलबार प्रसाईंलाई साधारण तारेखमा रिहा गर्न आदेश दिएको हो। जिल्ला अदालतका न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले प्रसाईंलाई साधारण तारेखमा छाड्न आदेश दिएपछि प्रहरीले मुक्त गरिदिएको हो।

पक्राउ परेको १० दिन पछि उनी मुक्त भएका हुन्। प्रसाईंलाई आफ्नो अभियानका क्रममा पर्सा आएका बेला जेठ ४ गते वीरगंज आदर्शनगरस्थित होटल दियालोबाट प्रहरीले पक्राउ गरेको थियो।

उनीमाथि विद्युतीय कारोबार ऐन तथा राज्यविरुद्धको कसुरसम्बन्धी मुद्दामा अनुसन्धान गरिएको थियो।

प्रहरीका अनुसार प्रसाईंमाथि राज्यका निकाय, सेना, प्रहरी तथा सार्वजनिक पदमा रहेका व्यक्तिबारे होच्याउने अभिव्यक्ति दिएको आरोप लगाइएको छ। साधारण तारेखमा प्रसाईं मुक्त भए पछि उनका समर्थकहरूले स्वागत गर्दै नारावाजी गरेका थिए।

# तत्काल सुरक्षित बसोबासको ग्यारेन्टी गर्न सुकुम्बासीहरुको माग




**काठमाडौँ ।**
बासस्थानको विकल्प नजुटाई आफूहरूलाई उठिबास लगाइएको भन्दै सुकुमबासीहरूले काठमाडौँको माइतीघरमा विरोध प्रदर्शन गरेका छन् । उठिबास भएको एक महिना बितिसक्दा पनि सरकारले पुनःस्थापनामा चासो नदेखाएको भन्दै उनीहरू मंगलबार सडकमा उत्रिएका हुन् ।
प्रदर्शनकारीहरूले 'जबर्जस्ती उठिबास बन्द गर', 'सरकार तैँले खोजेको विकास कि विनाश ?' र 'गरिबमाथि अन्याय बन्द गर' जस्ता नारा लेखिएका प्लेकार्ड बोकेर सरकारको ध्यानाकर्षण गराएका थिए । आफूहरू बेघर भएको ३० दिन पुग्दासमेत उचित बासको व्यवस्था नभएकाले बाध्य भएर आन्दोलनमा आउनुपरेको प्रदर्शनकारीहरूको भनाइ छ ।

# सामुदायिक विद्यालयमा बिहानी कक्षा

**नेपालगन्ज ।**
नेपालगन्जमा गर्मी बढेपछि यहाँ रहेका सामुदायिक विद्यालयले बिहानी कक्षा सुरु गरेका छन् । नेपालगन्जका १२ विद्यालय र कोहलपुरका अधिकांश सामुदायिक विद्यालयमा स्वास्थ्य समस्या नदेखिओस् भनेर बिहानी कक्षा सुरु गरिएको शिक्षा तथा खेलकुद महाशाखाका अधिकृत लाकेन्द्रबहादुर शाहीले जानकारी दिए ।
कोहलपुर नगरपालिकाका शिक्षा शाखा प्रमुख रविलाल मिजारले केही दिन यतादेखि कोहलपुरमा पनि बिहानी कक्षा सञ्चालन भएको जानकारी दिँदै यहाँका अधिकांश सामुदायिक विद्यालयले बिहानी कक्षा सुरु गरेको बताए ।
जल तथा मौसम विभाग, कोहलपुरका अनुसार नेपालगन्जमा यस वर्ष ४१.५ डिग्रीसम्म तापक्रम बढेको छ ।
बढ्दो गर्मी र तातो हावा (लु) का कारण यहाँको जनजीवन प्रभावित बनेको छ । गर्मीका कारण सडकमा सर्वसाधारणको हिँडुल कम हुन थालेको छ । चिकित्सकहरूले गर्मीबाट बच्न दिउँसोको समयमा बाहिर ननिस्कन, चिसो स्थानमा बस्न र अत्यावश्यक अवस्थामा मात्र बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने तथा हल्का सुतीका कपडा प्रयोग गर्न सुझाव दिएका छन् ।
भेरी अस्पतालका कन्सल्टेन्ट फिजिसियन डा उमेश ढुङ्गानाले शरीरमा पानीको कमी हुन नदिन पटक–पटक पानी, जुस वा अन्य झोलिलो पदार्थ सेवन गर्न सुझाव दिएका छन् । गर्मीका कारण 'हिटस्ट्रोक' हुने जोखिम बढेपछि भेरी अस्पतालले इमरजेन्सी म्यानेजमेन्ट टिमलाई 'हाइअलर्ट' मा राखेको अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा नवीन दर्नालले जानकारी दिए । रासस

# संविधान संशोधनमा हिन्दू राष्ट्रको विषयलाई समेट्न माग



**काठमाडौं ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की प्रमुख सचेतक खुश्बु ओलीले संविधान संशोधनको प्रक्रियामा सनातन हिन्दू राष्ट्र, संवैधानिक राजसंस्था र प्रदेश संरचनाको पुनरावलोकन जस्ता विषयहरूलाई अनिवार्य समेट्न सरकारसँग माग गरेकी छिन् ।
मंगलबार प्रतिनिधि सभाको बैठकमा बोल्दै प्रमुख सचेतक ओलीले संविधान संशोधनका लागि गठित कार्यदलको प्रारम्भिक मस्यौदामा यी महत्वपूर्ण विषयहरू नपरेको भन्दै आपत्ति जनाएकी हुन् ।
'वैदिक हिन्दु र बौद्ध सहितको सनातन राष्ट्र हुनुपर्छ भन्ने नागरिकहरू सरकारको नजरमा जनता हुन् कि होइनन् ? धर्मनिरपेक्षताको आडमा पछिल्लो समय गरिबी र पछौटेपनको फाइदा उठाएर तीव्र रूपमा धर्मान्तरण भइरहेको छ, के सरकारले यो दृश्य देख्दैन ?,' उनले भनिन् । रासस

# सरकारलाई रासायनिक मलको व्यवस्था गर्न सिंहको माग



**काठमाडौं।**
रास्वपाका सांसद अमरेश कुमार सिंहले सरकारलाई रासायनिक मलको व्यवस्था गर्न माग गरेका छन्।
मंगलबार प्रतिनिधिसभाको शून्य समयमा बोल्दै उनले रासायनिक मलको व्यवस्था गर्न माग गरेका हुन्।
'पर्याप्त मलको व्यवस्था सरकारले गरोस्। अब १०÷१५ दिनमै रोपाईं सुरु हुन्छ,' उनले भने । साथै, उखु किसानको भुक्तानीका लागि पनि उनले आग्रह गरेका छन्।

# उच्च रक्तचापका बिरामी बढ्दै



**काठमाडौँ।**
अस्वस्थकर खानपानका कारण उच्च रक्तचापका बिरामी बढिरहेको हुन्। वयस्क नेपालीमा उच्च रक्तचापको दर २४.५ प्रतिशत रहेको छ।
स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा निर्देशक डा अनुज भट्टचनले अत्यधिक नुन र हानिकारक चिल्लो पदार्थको खानपान शारीरिक निष्क्रियता, धूम्रपान तथा मद्यपानको बढ्दो प्रयोग, मानसिक तनाव, वायु प्रदूषण तथा सहरीकरण जस्ता कारणहरुले उच्च रक्तचापको जोखिम निरन्तर बढिरहेको बताए।
नेपालमा कुल मृत्युको करिब ७० प्रतिशत हिस्सा नसर्ने रोगहरूले ओगटेको छ। यसरी हुने मृत्युमध्ये मुटु तथा रक्तनली सम्बन्धी रोगबाट २७.३६ प्रतिशत रहेको छ।
विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभर करिब १.४ अर्ब मानिस उच्च रक्तचापबाट प्रभावित छन्। यो संख्या निरन्तर बढ्दो छ।
उच्च रक्तचाप प्रभावित व्यक्तिमध्ये ठूलो हिस्सा आफ्नो रोगको अवस्थाबारे अनभिज्ञ हुनु हो।
विभिन्न उपायले उच्च रक्तचाप नियन्त्रण गर्न सकिने हुँदाहुँदै चारमध्ये एक जनाको मात्र रक्तचाप नियन्त्रणमा रहेको छ।
दैनिक कम्तीमा ३० देखि ४५ मिनेट शारीरिक व्यायाम गर्ने, धूम्रपान तथा मद्यपानबाट टाढा रहने, पर्याप्त निद्रा र तनाव व्यवस्थापनमा ध्यान दिनसमेत स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आग्रह गरेको छ।

# फास्ट ट्र्याक निर्माण: दुर्घटना हुँदा एक मजदुरको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
तराई–मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) अन्तर्गत मकवानपुर खण्डमा सुरुङ निर्माण कार्यका क्रममा दुर्घटना हुँदा एक मजदुरको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन्।
सोमबार राति करिब ९:४५ बजे मकवानपुरको भीमफेदी गाउँपालिका–८ महादेवटारस्थित सुरुङमा काम गर्ने क्रममा सुरुङ निर्माणमा प्रयोग हुने रिपिट तथा ढुङ्गा–फलामबाट बनेको उपकरण खसेर लाग्दा बर्दियाका ३० वर्षीय रामगोपाल चौधरी गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।
गम्भीर घाइते चौधरीको उपचारका लागि चुरेहिल अस्पताल, हेटौँडामा लगिएकोमा उपचारकै क्रममा राति ११:४० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक माधव काफ्लेले जानकारी दिनुभयो । उक्त घटनामा मकवानपुरको थाहा नगरपालिका–५ सानोपाखाका २२ वर्षीय सन्तोष बम्जन पनि घाइते भएका छन्।
उनको चुरेहिल अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# खोटाङमा घरमै राहदानी वितरण सुरु




**खोटाङ।**
जिल्ला प्रशासन कार्यालय खोटाङले सेवाग्राहीको राहदानी घर–घरमा पु¥याउन जिल्ला हुलाक कार्यालय खोटाङलाई जिम्मा दिएको छ।
सेवाग्राहीको राहदानी सम्बन्धित जिल्ला हुलाक कार्यालयमार्फत उनीहरूको घरमै पु¥याएर वितरण गर्न नेपाल सरकारले दिएको निर्देशनअनुसार जिल्ला प्रशासन कार्यालयले हुलाक कार्यालयलाई राहदानी जिम्मा दिएको हो।
गत वैशाख १५ गतेपछि आवेदन दिएका १५७ जना सेवाग्राहीमध्ये ३७ जनाको राहदानी घर–घरमा पु¥याउन हुलाक कार्यालयलाई जिम्मा लगाइएको जिल्ला प्रशासन कार्यालय खोटाङका राहदानी शाखा प्रमुख दिनेश आचार्यले जानकारी दिएका छन्।
राहदानीका लागि सेवाग्राहीको बायोमेट्रिक्स प्रणालीमार्फत विवरण सङ्कलन गरेर विभाग पठाउँछौँ । त्यहाँबाट राहदानी छापिएर आएपछि रुजु गरेर हुलाकलाई जिम्मा दिन्छौँ, उनले भने, प्रशासन कार्यालयले जिम्मा दिएको राहदानी हुलाक कार्यालयले सेवाग्राहीको घर–घरमा पु¥याएर वितरण गर्छ। यसले सेवाग्राहीका लागि ठूलो राहत मिलेको छ।
सेवाग्राहीको घरमै पु¥याएर राहदानी वितरण गर्दा सेवाग्राहीले टिकटवापत प्रतिव्यक्ति रु ४५ जिल्ला हुलाक कार्यालयलाई बुझाउनुपर्ने प्रशासन कार्यालयले जनाएको छ। सेवाग्राहीले राहदानी प्राप्त गर्नका लागि टिकटवापत जिल्ला हुलाक कार्यालयलाई बुझाएको रकम राजस्वको रुपमा राज्यकोषमा जम्मा हुने जनाइएको छ।
जिल्ला प्रशासन कार्यालयले सोमबार जिम्मा दिएको राहदानी आज (मङ्गलबार)देखि सम्बन्धित सेवाग्राहीको घर–घरमा पु¥याएर वितरण गरिने जिल्ला हुलाक कार्यालय खोटाङका सूचना अधिकारी शम्भू तामाङले जानकारी दिएका छन् । "हामीले जिम्मा लिएको राहदानी सबै स्थानीय तहमा पठाएका छौँ । त्यहाँका जनप्रतिनिधिहरूको सहयोगमा सेवाग्राही पहिचना गरेर वितरण गर्छौं", उनले भने, "नजिकका सेवाग्राहीले आज र टाढाकाले भोलिदेखि पाउनुहुन्छ।"
दश स्थानीय तह रहेको जिल्लामा एकजना सेवाग्राहीले राहदानी लिन जिल्ला प्रशासन कार्यालय खोटाङ आउँदा÷जाँदा कम्तिमा दुई हजार खर्च गर्नुपर्ने बाध्यता छ । नेपाल सरकारले जिल्ला हुलाक कार्यालयमार्फत सेवाग्राहीको घर–घरमा राहदानी पु¥याएर वितरण गर्ने व्यवस्था मिलाएपछि उनीहरूको रकम बचत हुने भएको छ।
राहदानी लिन आउँदा÷जाँदाको समय र रकम दुवै बचत हुने भएपछि सेवाग्राही पनि हर्षित भएका छन् । जिल्लाको दुर्गम क्षेत्रका सेवाग्राहीहरू राहदानी लिन प्रशासन कार्यालय आउँदा÷जाँदा तीन दिनसम्मको समय खर्च गर्नुपर्ने बाध्यता छ। रासस

# निर्वाचनसम्बन्धी दुई विधेयक पारित



**काठमाडौँ।**
प्रतिनिधिसभाको मंगलबारको बैठकमा निर्वाचनसम्बन्धी दुई विधेयक सर्वसम्मतिबाट पारित भएको छ।
बैठकमा प्रधानमन्त्री, गृहमन्त्री एवं विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले ती विधेयक पारितका लागि प्रस्ताव प्रस्तुत गरिन् । २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनका लागि तत्कालीन सरकारले ल्याएका निर्वाचन कानुन संशोधनसम्बन्धी अध्यादेशहरू विस्थापन गर्न हाल यी विधेयक प्रस्तुत भएका हुन्।
पारित विधेयकमा 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३' र 'मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३' छन्।
'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३' माथिको दफाबार छलफलमा सांसद प्रेमबहादुर बयकले भाग लिँदै निर्वाचनमा समानुपातिकतर्फ अपाङ्गता भएका व्यक्तिको निर्वाचनमा सहभागितालाई थप सुनिश्चित गर्न आग्रह गरे।
जवाफमा मन्त्री गौतमले कानुनमा जनसंख्याको प्रतिशतका आधारमा जातीय समावेशिता कायम हुने भएको सम्पन्न भइसकेको निर्वाचनका सन्दर्भमा उक्त कानुन ल्याएकाले आगामी निर्वाचनका सन्दर्भमा विचार गरिने विश्वास दिलाए।
'मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३' माथिको दफावार छलफलका लागि भने कुनै पनि सदस्यले नाम दिएका थिएनन् । प्रतिनिधिसभाको अर्को बैठक बुधबार बिहान ११ बजे बस्नेछ।

# रास्वपा पर्सागढी नगर अधिवेशन सम्पन्न, कवि राज अर्यालको नेतृत्वमा नयाँ समिति गठन



**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टीको पर्सागढी नगरपालिकास्तरीय नगर अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले कवि राज अर्यालको सभापतित्वमा सर्वसम्मत रूपमा १५ सदस्यीय नगर समिति चयन गरेको हो। पर्सा निर्वाचन क्षेत्र नं. २ अन्तर्गत आयोजित अधिवेशनमा पार्टीका जिल्ला, क्षेत्रीय तथा प्रदेश तहका नेताहरूको उल्लेखनीय सहभागिता रहेको थियो।
कार्यक्रममा रास्वपा पर्सा जिल्ला सभापति तथा पर्सा क्षेत्र नं. १ का संघीय सांसद हरि पन्त र पर्सा क्षेत्र नं. २ का सांसद सुशिल साह कानु विशेष अतिथिका रूपमा सहभागी भएका थिए। त्यसैगरी मधेश प्रदेश शिक्षा विभाग प्रमुख सबु कडेल, संस्कृति विभाग प्रमुख पुरुषोत्तम अधिकारी, प्रदेश प्रतिनिधि सोनालाल पटेल, जिल्ला उपसभापति तुलषा अधिकारी, क्षेत्रीय सभापति फैयाज मियाँ, उपसभापति शान्ति पौडेल, बहुदरमाई नगर सभापति चन्दन यादव, नेता बुद्धिराज पौडेल तथा जोखु मियाँलगायतको उपस्थिति रहेको थियो।
अधिवेशनबाट गठित नयाँ समितिको उपसभापतिमा सुनिल रायभर, सचिवमा सर्फू आलम अन्सारी र सहसचिवमा रमेश कुमार दहित चयन भएका छन् । त्यसैगरी धुर्व बहादुर खड्का, सन्तोष खवास थारु, मिन्टु कुमारी, धीरेन्द्र राउत, मोहम्मदराज सिद्दीकी, सम्झना सुबेदी, केदार ठाकुर, नीरज चौधरी तथा राजनारायण यादव सदस्यमा चयन भएका छन्।
यस्तै, अधिवेशनले हरेराम राम, जोखु मियाँ, जयकरण यादव, रविशंकर चौधरी र हरिशंकर यादवलाई सल्लाहकारको जिम्मेवारी प्रदान गरेको जनाएको छ।

# रंगशाला र अस्पताललाई...

नारायणी अस्पतालको सुधारका लागि पर्याप्त बजेट विनियोजन गर्न आग्रह गरे।
उनले वीरगंजस्थित सानोपाइला सहकारीका बचतकर्ताको रकम फिर्ता प्रक्रिया शीघ्र अघि बढाउन पनि सरकारको ध्यानाकर्षण गराए।
त्यसैगरी गण्डकदेखि वीरगंज भन्सारसम्म करिब पाँच किलोमिटर क्षेत्रमा सञ्चालन गरिएको संरचना हटाउने अभियानप्रति असन्तुष्टि जनाउँदै सांसद पन्तले छोटो सूचना र स्पष्ट योजना बिना डोजर चलाउँदा करिब एक हजार २ सय घरधुरी प्रभावित भएको तथा सयौँ परिवार विस्थापित बनेको दाबी गरे।
वीरगंजको मुख्य बजार क्षेत्रमा देखिएको समस्यालाई अव्यवस्थित बस्तीको विषयमा मात्रै सीमित गर्न नहुने उल्लेख गर्दै उनले प्रभावित नागरिकको समस्या समाधानका लागि सरकारले तत्काल पहल गर्नुपर्ने आवश्यकता औँल्याए।

# मनसुन र विपद् जोखिमप्रति पर्सा प्रशासनको उच्च सतर्कता

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्लामा बढ्दो गर्मी, सम्भावित मनसुनजन्य विपद्, सुख्खा तथा खडेरीको जोखिमलाई ध्यानमा राख्दै जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले उच्च सतर्कता अपनाउने निर्णय गरेको छ । मंगलबार जिल्ला प्रशासन कार्यालय पर्सामा बसेको समितिको बैठकले विपद् पूर्वतयारी, प्रतिकार्य, खोज तथा उद्धार, राहत वितरण र जनचेतनामूलक कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने निष्कर्ष निकालेको हो।



बैठकले 'मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना–२०८३' लाई स्वीकृत गर्दै सम्बन्धित सबै निकायलाई सोही योजना अनुसार तयारी तथा कार्यान्वयनमा जुट्न निर्देशन दिएको छ । साथै जिल्लाभित्रका स्थानीय तहहरूलाई आफ्ना क्षेत्रमा मनसुन पूर्वतयारी योजना तत्काल निर्माण गरी कार्यान्वयनमा लैजान आग्रह गरिएको छ । समितिको निर्णयअनुसार सुरक्षा निकाय, स्थानीय तह र सम्बन्धित सरकारी कार्यालयहरूले बाढी, डुबान, हावाहुरी, पहिरो, वन डढेलो तथा खडेरीजस्ता सम्भावित विपद् न्यूनीकरणका लागि आवश्यक जनशक्ति, उपकरण र स्रोत–साधन तयारी अवस्थामा राख्नेछन्। जोखिमयुक्त बस्तीको पहिचान गरी आवश्यक परे सुरक्षित स्थानमा स्थानान्तरणको व्यवस्था मिलाउने तथा खाद्यान्न, औषधि, कपडा र खानेपानीजस्ता अत्यावश्यक सामग्रीको भण्डारणलाई प्राथमिकता दिइने भएको छ । त्यसैगरी, बैठकले पानीजन्य रोग तथा महामारी फैलिन सक्ने जोखिमलाई मध्यनजर गर्दै आवश्यक स्वास्थ्य सामग्री तयारी अवस्थामा राख्ने निर्णय गरेको छ । सुख्खाग्रस्त क्षेत्रमा डिप बोरिङ, पाइपलाइन विस्तार, पानी ट्यांकी निर्माण, धारा जडान र खानेपानीको गुणस्तर परीक्षणलाई समेत प्रभावकारी रूपमा अघि बढाइने जनाइएको छ।

गृह मन्त्रालयको विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाबाट प्राप्त निर्देशनअनुसार मनसुनका बेला हुन सक्ने जनधनको क्षति न्यून गर्न सबै सरोकारवाला निकायबीच समन्वय र सहकार्यलाई थप मजबुत बनाउने निर्णय गरिएको बैठकपछि जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । हालको मौसममा सर्पदंशको जोखिम समेत बढ्न सक्ने भएकाले जोखिमयुक्त क्षेत्रमा स्थानीय तहहरूले सम्बन्धित निकायसँग समन्वय गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको छ । प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा सम्पन्न बैठकमा स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकायका प्रमुख, प्रशासनिक अधिकारी, रेडक्रस, गैरसरकारी संस्था तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

# वीरगंजका मेयर राजेशमान सिंहसहित ३ जनाविरुद्ध पक्राउ पुर्जी जारी




**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्ला अदालतले वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहसहित तीन जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । लिखत किर्ते तथा नागरिकता सम्बन्धी कसुरमा दर्ता भएको मुद्दामा अदालतले पक्राउ अनुमति दिएको हो।

लियाकत अलीको जाहेरीका आधारमा दर्ता गरिएको लिखत सम्बन्धी कसुर मुद्दामा अदालतले मेयर सिंहसहित अन्य दुई प्रतिवादीलाई पक्राउ गर्न आदेश जारी गरेको जनाएको छ। अदालतका तहसिलदार देवराज भट्टराईका अनुसार उक्त पक्राउ अनुमति गत जेठ ८ गते नै जारी गरिएको थियो । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले पनि मेयर सिंहसहित तीन जनाविरुद्ध नागरिकता तथा लिखत सम्बन्धी कसुरमा पक्राउ अनुमति प्राप्त भएको पुष्टि गरेका छन्।

अदालतले जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्राचार गर्दै प्रतिवादीहरूको नाममा सूचना, सात दिने पक्राउ पुर्जी र ३५ दिने पक्राउ पुर्जी जारी गरिएको जानकारी दिएको छ । अदालतको आदेशअनुसार सात दिनभित्र प्रतिवादीहरूको खोजतलास गरी पक्राउ परे अदालतमा उपस्थित गराउन तथा पक्राउ नपरे ३५ दिने पक्राउ पुर्जी तामेल गर्न निर्देशन दिइएको छ।

त्यसैगरी अदालतले पक्राउ परेका प्रतिवादीलाई सूचना बुझाई भरपाईसहित अदालतमा उपस्थित गराउन तथा आवश्यक परे मातहतका इलाका प्रहरी कार्यालयमार्फत समेत म्याद तामेल गराउन आग्रह गरेको जनाएको छ।

# कालिकामाई गाउँपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको कालिकामाई गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिकाका रूपमा घोषणा गरिएको छ । गाउँपालिकाभर ० देखि १५ महिनासम्मका ४६० जना बालबालिकालाई नियमित खोप सेवा उपलब्ध गराएपछि एक विशेष कार्यक्रमका बीच पालिकालाई पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा गरिएको हो । 'स्थानीय स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने नारासहित गाउँपालिकाको कार्यालय हरिहरपुर बिर्तास्थित सभाहलमा आयोजना गरिएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष राजमती देवी बैरनीले उद्घाटन गरेकी थिइन्।




कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष बैरनीले पूर्ण खोप सुनिश्चितता अभियान सफल बनाउन महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताइन् । उनले दिनरात खटेर जनस्वास्थ्य सेवामा योगदान पु¥याउने स्वास्थ्यकर्मी र स्वयंसेविकाको योगदानको उचित सम्मान हुनुपर्ने उल्लेख गरिन् । कार्यक्रमकी विशिष्ट अतिथि जनस्वास्थ्य अधिकृत खुशबु यादवले पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा भएसँगै अब स्वास्थ्यकर्मी तथा जनप्रतिनिधिहरूको जिम्मेवारी अझ बढेको बताइन् । उनले बालबालिकालाई समयमै नियमित १३ प्रकारका खोप लगाउन सके विभिन्न रोगबाट बचाउन सकिने जानकारी दिँदै प्रत्येक नवजात शिशुको निगरानी र नियमित खोप सुनिश्चित गर्नुपर्नेमा जोड दिइन्।

त्यसैगरी वडा अध्यक्ष सोनालाल चौरसियाले खोप अभावका कारण पाँच वर्षमुनिका बालबालिकामा विभिन्न रोग लाग्ने जोखिम रहने भएकाले चिकित्सकको सल्लाहअनुसार प्रत्येक खोप समयमै लगाउन अभिभावकलाई आग्रह गरे। पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा कार्यक्रममा स्वास्थ्य क्षेत्रमा उत्कृष्ट कार्य गरेको भन्दै पालिकास्तरमा उत्कृष्ट कर्मचारीका रूपमा सिअहेब रबिता कुमारी चौधरीलाई प्रमाणपत्रसहित सम्मान गरिएको थियो । साथै, मुडली स्वास्थ्य चौकीलाई उत्कृष्ट स्वास्थ्य संस्था घोषणा गर्दै सम्मान गरिएको छ।

कार्यक्रममा खोप अभियान सफल बनाउन योगदान पु¥याउने स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई दोसल्ला ओढाएर तथा प्रमाणपत्र प्रदान गरेर सम्मान गरिएको थियो । सो अवसरमा मध्यान्ह राष्ट्रिय दैनिकका पत्रकार लालबाबु बानियाँ पनि सम्मानित भएका थिए।

गाउँपालिका स्वास्थ्य प्रमुख धिरज कुमार साह, वडा अध्यक्षहरू संजय साह गोढ, सोनालाल चौरसिया, संजय पटेल, कार्यपालिका सदस्य, कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकारलगायतको सहभागिता रहेको कार्यक्रमको सञ्चालन गाउँपालिका स्वास्थ्य सह–संयोजक निरञ्जन चौरसियाले गरेका थिए।

# सदस्यता शुद्धिकरणको माग गर्दै पत्रकार महासंघ पर्सा कार्यालयमा धर्ना

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल पत्रकार महासंघ पर्सामा सदस्यता शुद्धीकरणको माग गर्दै पत्रकारहरूले महासंघको कार्यालय अगाडि धर्ना सुरु गरेका छन् । सदस्यता शुद्धीकरण तथा नयाँ सदस्यता वितरणका लागि गठित संघर्ष समितिले मंगलबार बिहान ११ बजेदेखि एक घण्टा धर्ना दिएको हो।

अनुप तिवारीको संयोजकत्वमा गठित संघर्ष समितिले वर्तमान कार्यसमितिले अयोग्य तथा विधानविपरीत रहेका व्यक्तिहरूलाई छानबिन गरी सदस्यताबाट हटाउनुपर्ने माग गरेको छ । समितिले विधानअनुसार योग्य र सक्रिय पत्रकारहरूलाई अविलम्ब नयाँ सदस्यता दिनुपर्ने तथा सदस्यता छानबिन प्रक्रिया अघि नबढाइए चरणबद्ध आन्दोलन गर्ने चेतावनीसमेत दिएको छ।

संयोजक तिवारीले २०७२ माघ १४ गते पूर्वअध्यक्ष शत्रुधन नेपाल नेतृत्वको कार्यदलले तय गरेको मापदण्डअनुसार यसअघि पनि सदस्यता शुद्धीकरण गरिएको स्मरण गराउँदै विगतका अभियानलाई निरन्तरता दिनुपर्ने बताए । यसअघि संघर्ष समितिले नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालय तथा मधेश प्रदेश कार्यालयमा ध्यानाकर्षणपत्र बुझाएको जनाएको थियो।

# दलित समुदायः सङ्घर्ष, सीप र सम्मानको खोजी

**जनकपुरधाम।**
मिथिलाको ऐतिहासिक र सांस्कृतिक केन्द्र मानिने यस धनुषा जिल्लामा दलित समुदायले पनि समाज निर्माणमा महत्वपूर्ण योगदान दिँदै आएका छन् । तर परम्परागत सामाजिक संरचना, आर्थिक अभाव र जातीय विभेदका कारण धनुषाका धेरै दलित समुदाय अझै विकासको मूलधारबाट पछाडि रहेका छन्।

धनुषामा मुख्य रूपमा डोम, चमार, पासवान, मुसहर, तत्मा, खत्वे, हलखोर, धोबीलगायत दलित समुदायको बसोबास रहेको छ । जनकपुरधाम उपमहानगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका, मिथिला नगरपालिका, सबैला नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, कमला नगरपालिका तथा ग्रामीण क्षेत्रका विभिन्न बस्तीमा यी समुदायको वसोवास उल्लेख्य रहेको छ।

जनकपुरधामको दक्षिण क्षेत्रमा बसोबास गर्दै आएका ६५ वर्षीय रामेश्वर महराले भने, 'पहिला हाम्रो समुदायलाई समाजले हेर्ने दृष्टि धेरै फरक थियो, अहिले केही परिवर्तन आएको छ तर पूर्ण रूपमा समान व्यवहार अझै भएको छैन ।' उनका अनुसार शिक्षाको पहुँच बढेपछि नयाँ पुस्तामा आत्मविश्वास बढेको छ।

धनुषाका दलित समुदाय परम्परागत रूपमा श्रम र सीपसँग जोडिएका छन् । चमार समुदाय छालाजन्य काम, जुत्ता निर्माण तथा कृषि मजदुरीमा संलग्न रहँदै आएको छ भने डोम समुदाय बाँसजन्य सामग्री निर्माण, बाजागाजा र विभिन्न सांस्कृतिक कार्यमा सक्रिय देखिन्छ। तत्मा समुदाय कपडा बुन्ने परम्परागत पेसासँग जोडिएको थियो तर आधुनिक बजार र उद्योगको विस्तारसँगै परम्परागत पेसा सङ्कटमा पर्दै गएको राष्ट्रिय तत्मा समाजका अध्यक्ष रामअशिष दासले बताउँछन् । डोम समुदायका अगुवा इन्द्रजित मरिकका अनुसार अहिले धेरै युवाले परम्परागत पेसा छाडेर वैदेशिक रोजगारी रोज्न थालेका छन्।

धनुषाको मुसहर समुदायको अवस्था अझै चुनौतीपूर्ण देखिन्छ। जिल्लाको पूर्वी तथा दक्षिणी क्षेत्रका धेरै मुसहर बस्तीमा गरिबी, अशिक्षा र खाद्य असुरक्षाको समस्या गम्भीर छ । दैनिक ज्यालादारी मजदुरी गरेर जीवन चलाउने अधिकांश परिवारसँग पर्याप्त भूमि छैन। कतिपय परिवार अझै कच्ची घरमा बसोबास गर्न बाध्य छन् । आर्थिक अभावका कारण धेरै बालबालिका नियमित विद्यालय जान सक्दैनन् । सबैला नगरपालिका–१२ बर्कुवाका ५८ वर्षीय सत्यनारायण सादा भन्छन्, 'बच्चालाई विद्यालय पठाउन चाहन्छौँ, तर घर चलाउनै गाह्रो हुन्छ।'

शिक्षक महावीर दास दलित बालबालिकालाई विद्यालयमा टिकाइराख्न आर्थिक सहयोगसँगै सामाजिक वातावरण पनि आवश्यक रहेको बताउँछन् । 'कतिपय बालबालिका विद्यालय पुग्छन्, तर घरको आर्थिक समस्याले पढाइ निरन्तर गर्न सक्दैनन्', उनले भने । दलित छात्राको अवस्था अझ संवेदनशील देखिन्छ।

प्रारम्भिक शिक्षा पछि धेरै छात्रा घरेलु काम, बालविवाह र गरिबीका कारण अध्ययन छाड्न बाध्य हुने अवस्था रहेको महिला उनको भनाइ छ । जनकपुरधाम तथा सहरी क्षेत्रमा विद्यालय पहुँच बढेको छ, तर ग्रामीण क्षेत्रमा दलित विद्यार्थीको विद्यालय छाड्ने दर अझै उच्च रहेको इन्सेकका मधेस प्रदेश प्रमुख एवं मानव अधिकारकर्मी राजु पासवानले बताउँछन्।

धनुषामा दलित महिलामाथि हुने हिंसा र विभेदका घटना पनि समय–समयमा सार्वजनिक हुने गरेको छ । दलित महिला अधिकारकर्मी सुनिता राउत मेस्तरका अनुसार जातीय र लैङ्गिक विभेदको दोहोरो असर महिलाले भोगिरहेका छन्। 'महिलाले घरभित्र पनि सङ्घर्ष गर्नुपर्छ, समाजमा पनि', उनले भने। राजनीतिक क्षेत्रमा दलित समुदायको सहभागिता बढेको देखिएपनि निर्णय प्रक्रियामा प्रभावकारी भूमिका अझै कमजोर रहेको स्थानीय विश्लेषकहरू बताउँछन् । संविधानले स्थानीय तहमा दलित महिलाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरेपछि धनुषाका विभिन्न पालिकामा दलित महिला जनप्रतिनिधि निर्वाचित भएका छन्।

धनुषामा अझै पनि जातीय विभेदका घटनाहरु पूर्णरूपमा अन्त्य हुन सकेका छैनन् । केही ग्रामीण क्षेत्रमा अन्तरजातीय विवाहलाई लिएर विवाद, सामाजिक बहिष्कार र तनाव हुने गरेको छ।

यद्यपि युवा पुस्तामा जातीय सोच क्रमशः कमजोर हुँदै गएको सङ्केत पनि देखिन्छ । राष्ट्रिय मुसहर सङ्घका अध्यक्ष चन्देश्वर सादाले सामाजिक सञ्जालले चेतना विस्तारमा भूमिका खेलेको बताए । 'पहिले दबाएर राखिने आवाज अहिले खुलेर उठ्न थालेको छ', उनले भने।

धनुषाका दलित समुदायको सांस्कृतिक योगदान पनि महत्वपूर्ण मानिन्छ । विवाह, धार्मिक उत्सव र मिथिला संस्कृतिसँग जोडिएका विभिन्न बाजागाजा तथा सांस्कृतिक परम्परामा दलित समुदायको विशेष भूमिका रहँदै आएको छ । डोम समुदायका कलाकार बिना मिथिलाका धेरै पारम्परिक संस्कार अधुरा मानिने स्थानीय संस्कृतिविद्हरू बताउँछ । जनकपुरधामका संस्कृतिविद् पूर्वरजिस्ट्रार सत्यनारायण साहका अनुसार मिथिला संस्कृतिको जीवन्त पक्षमा दलित समुदायको योगदान ऐतिहासिक छ । 'समाजले उहाँहरूको श्रम प्रयोग ग¥यो, तर सम्मान दिन कन्जुस्याइँ ग¥यो', उनले भने।

स्वास्थ्य क्षेत्रमा पनि दलित बस्तीमा समस्या देखिन्छ।

सरसफाइ, पोषण र स्वास्थ्य सेवामा पहुँच कमजोर हुँदा बालबालिका र महिलामा विभिन्न स्वास्थ्य समस्या बढी देखिने चिकित्सक वृजमोहन रजकले बताए । 'केही ठाउँमा अझै स्वास्थ्य संस्था पुग्न कठिन अवस्था छ', उनले बताए । दलित बस्तीमा स्वास्थ्य सचेतना कार्यक्रम अझ प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक छ।

सरकार तथा विभिन्न गैरसरकारी संस्थाले दलित समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिरहेका छन् । छात्रवृत्ति, सीपमूलक तालिम, महिला सशक्तीकरण तथा स्वरोजगार कार्यक्रम सञ्चालन भए पनि तिनको प्रभाव अपेक्षाअनुसार व्यापक हुन नसकेको स्थानीयवासी बताउँछन् । दलित अगुवा शम्भु महराका अनुसार वास्तविक परिवर्तनका लागि शिक्षा र आर्थिक सशक्तीकरणलाई प्राथमिकता दिनुपर्छ । 'आरक्षणले केही अवसर दिएको छ, तर समुदायको ठूलो हिस्सा अझै पछाडि छ', उनले भने।

धनुषाका धेरै दलित युवा अहिले उच्च शिक्षा, पत्रकारिता, राजनीति, सङ्गीत, खेलकुद र सामाजिक अभियानमा सक्रिय हुन थालेका छन् । यसले समुदायमा नयाँ आशा जगाएको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ।

जनकपुरधामकी छात्रा रञ्जिता सदा भन्छिन्, 'हामीलाई अवसर चाहिएको हो, दया होइन ।' कानुनी रूपमा छुवाछुत अन्त्य घोषणा गरिएको वर्षौं बितिसक्दा पनि मानसिकता परिवर्तनको गति सुस्त रहेको छ । दलित समुदायको उत्थानका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि अधिकार र सम्मानजनक सामाजिक व्यवहारलाई एकसाथ अघि बढाउन आवश्यक छ । स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले लक्षित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

मिथिलाको सांस्कृतिक धरोहरलाई जीवित राख्न योगदान दिने दलित समुदायलाई सम्मान, अवसर र समान अधिकार दिन सके मात्र समावेशी समाज निर्माणको सपना सार्थक हुने जानकारहरू बताउँछन् । पुरानो विभेदपूर्ण संरचनासँग सङ्घर्ष गर्दै नयाँ पुस्ता शिक्षा, चेतना र अधिकारको बाटोमा अघि बढिरहेको छ । तर वास्तविक समानता स्थापित गर्न समाजको सोच, राज्यको नीति र व्यवहारिक कार्यान्वयनबीच समन्वयको खाँचो छ। रासस

# सांसद शाक्यद्वारा इप्रका सुपौलीको अनुगमन



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको इलाका प्रशासन कार्यालय सुपौलीका सेवाग्राहीहरूले कार्यालयको सेवा सम्बन्धमा गुनासो गरेपछि सो क्षेत्रका प्रतिनिधी सभाका सदस्य टेकबहादुर शाक्यले स्थलगगत अनुगमण गरेका छन्।

बढ्दो गर्मीको समयमा सेवाग्रहीका लागि बस्ने ठाउँ, विश्रमालय, आवश्यक फर्निचर समेत नरहेको हुँदा दिनभरी उभिएर सेवा लिनु पर्ने, कार्यालयले समयमा काम नगरिदिने लगायतका गुनासोहरू सेवा ग्राहीले सांसद समक्ष पु¥याएका थिए।

स्थगत अनुगमणको क्रममा सांसद शाक्यले सेवाग्राहीहरूसंग कुरा गर्नुका साथै इलाका प्रशासन सुपौलीका प्रमुख तथा प्रशासकिय अधिकृत विनयकुमार गुप्ता छलफल गरेका थिए।

कर्मचारी अभावको कारण छिटो छरितो सेवा प्रवाह गर्न नसकिएको स्विकार्दै इलाका प्रमुख गुप्ताले आवश्य फर्निचर तथा पूर्वाधार निर्माणका लागि पालिकालगायत केन्द्र सरकारसंग अनुरोध गरिएको बताए।

सो अवसरमा सांसद शाक्यले सेवाग्राही मैत्री र पारदर्शी सेवा प्रदान गर्न आग्रह गर्दै आवयश्यक कर्मचारी थप गर्न र भौतिक पूर्वाधार निर्माणका लागि अख्तियार प्राप्त निकायसंग आफुले कुरा गर्ने आश्वासन दिए। इलाका प्रशासन सुपौलीबाट ठोरी, जिराभवानी लगायत पर्साका चारवटा पालिकाका वासिन्दालाई सेवा दिइरहेका छन्।

## सम्पादकीय

# वैदेशिक रोजगारीको नाममा अर्को राष्ट्रिय लज्जा !

नेपालमा बेरोजगारी, गरिबी र अवसरको अभाव यति गहिरो बनेको छ कि हजारौँ युवाहरू आफ्नो घर, परिवार र भविष्यको सपना बोकेर दैनिक रूपमा विदेशिन बाध्य छन् । तर, त्यो सपनामाथि नै केही म्यानपावर कम्पनी, बिचौलिया र विदेशी रोजगारदाताले खुलेआम व्यापार गरिरहेका छन् । अहिले साउदी अरबमा अलपत्र परेका करिब ७० नेपाली ड्राइभरहरूको पीडा त्यसैको अर्को दर्दनाक उदाहरण हो । यो केवल केही श्रमिकको व्यक्तिगत दुःख होइन, यो राज्यको कमजोरी, वैदेशिक रोजगार प्रणालीको विफलता र मानव श्रममाथिको निर्मम शोषणको जीवित प्रमाण हो । नेपालबाट लाखौँ रुपैयाँ असुलेर "राम्रो तलब, सुरक्षित काम र उज्ज्वल भविष्य" को सपना देखाइएका युवाहरू आज चार महिनादेखि कामविहीन, तलबविहीन र असुरक्षित अवस्थामा बस्न बाध्य छन् । अझ विडम्बना त के छ भने, उनीहरूलाई ड्राइभरको भिसामा लगेर कतिपयलाई लेबरको काममा खटाइएको छ । घामले तातेको फलाम पञ्जाविना बोक्न बाध्य बनाइएका नेपाली श्रमिकहरूको अवस्था आधुनिक दासत्वभन्दा फरक देखिँदैन।

सबैभन्दा गम्भीर प्रश्न यहाँ उठ्छ 'नेपाल सरकार कहाँ छ' ? वैदेशिक रोजगार विभाग कहाँ छ ? श्रम मन्त्रालय किन मौन छ ? यदि वैदेशिक रोजगारका लागि श्रम स्वीकृति दिने राज्य संयन्त्रले सही अनुगमन गरेको भए, आज नेपालीहरू विदेशी भूमिमा यसरी बिचल्लीमा पर्ने थिएनन् । करारनामामा उल्लेख गरिएका सुविधा, तलब र काम वास्तविकतासँग मेल खान्छ कि खाँदैन भन्ने सुनिश्चित गर्नु राज्यको दायित्व हो । तर व्यवहारमा राज्य केवल श्रम स्वीकृति दिने कार्यालयमा सीमित देखिएको छ । अझ दुःखद कुरा, समस्या सार्वजनिक भएपछि पनि सम्बन्धित म्यानपावर कम्पनीका सञ्चालक जिम्मेवारीबाट पन्छिन खोजिरहेका छन् । फोन नउठाउने, आश्वासन बाँडेर समय काट्ने र श्रमिकलाई अलमल्याउने प्रवृत्तिले स्पष्ट देखाउँछ केही म्यानपावर कम्पनीले वैदेशिक रोजगारलाई सेवा होइन, ठगीको उद्योग बनाएका छन् । श्रमिक विदेश पुगेसँगै उनीहरूको जिम्मेवारी सकिन्छ भन्ने मानसिकता अत्यन्त खतरनाक छ।

नेपालका युवाहरू रहरले होइन, बाध्यताले विदेश गइरहेका छन् । घर धितो राखेर, ऋण काढेर, साहुसँग चर्को ब्याजमा पैसा लिएर विदेश पुगेका युवाहरूले महिनौँसम्म काम र तलब नपाउँदा उनीहरूको मानसिक अवस्था कति भयावह होला ? घरमा बालबच्चा, बूढाबूढी र परिवारको आशा उनीहरूमाथि टिकेको हुन्छ । तर, विदेश पुगेपछि उनीहरू आफैं भोक, तनाव र अन्यायसँग जुध्न बाध्य छन् । यो अवस्था कुनै सभ्य राष्ट्रका नागरिकले भोग्नुपर्ने अवस्था होइन । यस घटनाले फेरि प्रमाणित गरेको छ कि नेपालमा वैदेशिक रोजगार क्षेत्र गम्भीर सुधारको माग गरिरहेको छ । केवल म्यानपावर कम्पनीलाई लाइसेन्स दिएर राज्यको जिम्मेवारी पूरा हुँदैन । विदेश पठाइएका श्रमिकको वास्तविक अवस्थाबारे नियमित अनुगमन, दूतावासको प्रभावकारी हस्तक्षेप, पीडितलाई तत्काल उद्धार र दोषी कम्पनीमाथि कठोर कारबाही अपरिहार्य छ । यदि श्रमिक ठगिने, अलपत्र पर्ने र पीडित हुने क्रम यस्तै चलिरह्यो भने वैदेशिक रोजगार नेपाली युवाका लागि अवसर होइन, संगठित शोषणको जाल बन्दै जानेछ।

अब सरकारले शब्द होइन, कामबाट देखाउनुपर्छ कि नेपाली नागरिकको जीवन र श्रमको मूल्य छ । साउदीमा अलपत्र परेका ती नेपालीलाई तत्काल उद्धार, तलबको सुनिश्चितता र सुरक्षित रोजगारीको व्यवस्था गर्नुपर्छ । साथै, गलत सूचना दिएर युवालाई विदेश पठाउने म्यानपावर कम्पनीमाथि कानुनी कारबाही हुनुपर्छ । अन्यथा, हरेक यस्ता घटना केवल समाचार बन्नेछन्, र नेपाली युवाको पीडा राष्ट्रिय नियति बन्दै जानेछ।

# गणतन्त्रात्मक शासन प्रणाली र निजामती सेवा

**श्यामप्रसाद मैनाली**

**काठमाडौँ।**
लोकतान्त्रिक अधिकारहरूको पूर्ण उपभोग गर्न नागरिकहरू बढी आकर्षित हुन्छन् । राजनीतिक प्रणालीको विकासक्रम अध्ययन गर्दा निरङ्कुश राजतन्त्रले नै विश्वका प्रायः सबै देशहरुमा प्रारम्भका दिनहरूमा एकछत्र शासन गरेको अवस्था थियो । तत्पश्चात् नागरिकहरूले लोकतान्त्रिक अधिकारहरु क्रमशः प्राप्त गर्दै गएको अवस्था हो । आधुनिक समाजको आकर्षण लोकतन्त्रप्रति छ । जनताको सर्वोच्चतालाई स्वीकार गर्दै शासन प्रणालीमा समयसापेक्ष परिवर्तन हुँदै आएको छ । सार्वभौम जनता नै सबै प्रकारका शक्तिको स्रोत हुन्छन् । गणतान्त्रिक शासन प्रणालीले यथार्थमा लोकतन्त्रको संरचनागत विकास गर्न सक्दछ । आमनागरिकहरूको शासन प्रणालीमा प्रत्यक्ष सहभागिताको सुनिश्चित गणतान्त्रिक शासन प्रणालीले गर्दछ, गर्नु पनि पर्दछ । एक व्यक्तिमा निहीत रहेको शासन र जनताको सहमति र निर्णयको परीक्षण नै नगरी वंशानुगत शासन प्रणाली राजतन्त्रमा सुदृढ भएको हुन्छ।

राजतन्त्रात्मक शासन प्रणालीमा नागरिकहरुले शासनलाई मार्गदर्शन प्रदान गर्न सक्दैनन् । गणतन्त्रमा शासकहरूको प्रत्यक्ष जवाफदेहिता नागरिकप्रति रहन्छ । शासन प्रणाली जनताबाट निर्देशित हुने भएकाले गणतन्त्रमा उत्तरदायी शासन व्यवस्थाको सञ्चालन सम्भव भएको हो । त्यसैले लोकतन्त्रबाट अत्याधिक प्रतिफल र उपलब्धि हासिल गर्न नागरिकहरू गणतान्त्रिक शासन प्रणालीप्रति गोलबद्ध हुन पुग्दछन् । यस अर्थमा गणतन्त्र नागरिकहरूको जीवनरेखा नै मानिएको छ । वंशानुगत शासन प्रणालीलाई विस्थापित गर्ने क्रममा जनप्रतिनिधिद्वारा सर्वोच्च पदमा आसिन गराई आफ्नै प्रतिनिधिमार्फत शासित हुने व्यवस्था नै गणतन्त्र हो । सबै नागरिकहरुलाई समान अधिकारहरूको प्रत्याभूति गणतन्त्रले गर्दछ । यसमा नागरिकहरूको आत्मसम्मान, प्रतिष्ठा, सहभागितालाई सर्वोपरि प्राथमिकतामा राखिन्छ । शासन प्रणाली वंशानुगत रूपमा सञ्चालन भई एक व्यक्तिले समग्र राष्ट्रलाई नै आफ्नै इच्छाअनुसार सञ्चालन गर्ने शासकीय प्रक्रियाबाट उन्मुक्ति प्राप्त गर्न गणतन्त्रबाट मात्र सम्भव हुन्छ । लोकतन्त्रको सिद्धान्त, मूल्य, मान्यतालाई व्यवहारमा परिणत गरी सच्चा लोकतन्त्रको अनुभूति गराउने व्यवस्थाको अर्को नाम गणतन्त्र हो। वंशानुगत शासन प्रणालीमा आम नागरिकहरूको आवाज कुण्ठित हुन सक्दछ। गणतन्त्रमा संविधान नै शासन सञ्चालनको मूल आधार हुन्छ । सबै नागरिकहरूले आफ्ना मौलिक हकहरूको उपभोग निर्वाधरुपमा गर्न सक्दछन् । शासन प्रणालीमा नागरिकहरूले स्वामित्व ग्रहण गर्ने वातावरण तयार हुन्छ । राज्य र जनताका बीचको सम्बन्ध अत्यन्त सौहार्दपूर्ण हुन्छ । सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको हुन्छ । नेपाल बहुजातीय, बहुसांस्कृतिक देश भएकाले विविधताका बीच एकताका पक्षमा शासन केन्द्रित गर्न पनि गणतन्त्र जरुरी हुन्छ । आफ्ना आवश्यकताहरूको पहिचानगरी सोही अनुसारका नीति निर्माण गर्न, योजना बनाउन र कार्यक्रम तयार गर्ने सम्बन्धमा योगदान दिन नागरिकहरू गणतन्त्रिक लोकतन्त्रमा मात्र सक्षम हुन्छन् । नेपालमा लामो लोकतान्त्रिक सङ्घर्षपश्चात् २०६५ जेठ १५ गते गणतन्त्र प्राप्त भएको हो । यस दिनलाई हर्षोल्लासका साथ राष्ट्रिय पर्वकै रूपमा मनाइन्छ । नेपालमा यो उत्कृष्ट लोकतान्त्रिक शासन प्रणाली प्राप्त गर्नका लागि धैरे लामो समयदेखि नेपाली नागरिकहरु सङ्घर्षशील रहेका हुन् । लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा धैरे सपुतहरुले आफूलाई बलिवेदीमा चढाइ लोकतन्त्रको प्रतिफल नेपालीहरूलाई प्रदान गर्न सफल भएका हुन् । यो राजनीतिक उपलब्धि प्राप्त गर्नका लागि नागरिक समाज, राजनीतिक दलहरु हुँदै सचेत नेपाली नागरिकहरूको ऐक्यबद्धताले निरन्तरता दिँदा सम्भव बनाएको हो । नेपालको राजनीतिक घटनाक्रमहरूको सिंहावलोकन गर्नुपर्दा २००४ सालदेखि २०१५, २०१९, २०३६ र २०६३ सालसम्मको नागरिकहरूको भगिरथ प्रयासलाई स्मरण गर्नुपर्दछ । राजनीतिक दलहरूको एक दलले सन् १९८६ देखि २००६ सम्म देशमा ठूलो द्वन्द्व र आतङ्कको अवस्था सिर्जना गरेको यथार्थता हामीहरूको स्मरणमा छ।

जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ भनेजस्तै एउटा महत्वपूर्ण गन्तव्यका रुपमा देशलाई लोकतान्त्रिक गणतन्त्रमा परिणत गर्ने दृढता त्यसबखतका द्वन्द्वरत पक्षहरूमा देखिएको थियो । नेपालको २४० वर्ष पुरानो निरंकुश राजतन्त्रात्मक शासन प्रणालीलाई परिवर्तन गरेर गरिबीको अवस्था र अन्यायपूर्ण शासन प्रणालीबाट उन्मुक्ति खोज्ने निरन्तर प्रयास नेपाली नागरिकहरूले गरेका हुन् । राजतन्त्रात्मक शासन प्रणालीलाई विश्वमै क्रमशः अस्वीकार्य शासनका रुपमा लिँदै गरेको पाउँदाका कारण पनि नेपाली नागरिकहरू संघर्षरत रहेका हुन् । यिनै प्रयासहरुको परिणाम नेपालीहरुले २०६५ सालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली प्राप्त गरेका हुन्।

**गणतन्त्रको उपादेयता**
नेपाली नागरिकहरू २४० वर्षसम्मको निर्वाध रुपमा अभिव्यक्तिको स्वतन्त्रताको उपभोग गर्न नपाएको तिक्तता र आक्रोशका कारण गणतन्त्रप्रति आकर्षित हुँदैगएका थिए । राजतन्त्रात्मक शासन प्रणालीका शासकहरूका विरुद्ध आन्दोलन गर्न सक्ने हैसियतमा नागरिकहरू प्रारम्भका समयमा थिएनन् । विश्व परिवेशमा आएको परिवर्तनका कारण नेपालीहरू पनि सचेत हुँदै गएका हुन् । गणतन्त्र प्राप्त भएपश्चात् जनताले आमनिर्वाचनबाट आफ्ना प्रतिनिधिहरु निर्वाचित गरी लोकतान्त्रिक शासनमार्फत शासित हुने सौभाग्य प्राप्त गरेका छन् । यो स्वतन्त्रतासम्बन्धी अधिकारको प्रयोग गर्न पाएकै कारण गणतन्त्रको उपादेयता देखिएको हो । देशका दूरदराजदेखि उन्नत सहरी क्षेत्रमा बसोबास गरी आएका सम्पूर्ण नागरिकमा विविधताका बीच लोकतान्त्रिक अधिकारको सदुपयोग गर्दै राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको पक्षमा एकताबद्ध हुने वातावरण गणतन्त्रले बनाइदिएको हो।

खासगरी नेपाली युवाहरुमा राजनीतिक चेतना र जागरण ल्याउन यस प्रणालीबाट सम्भव हुन्छ । प्रतिवर्ष मनाइने गणतन्त्र दिवसले यसका लागि उपयुक्त मञ्च तयार पारिदिन्छ । विशेषगरी युवाहरूले राजनीतिक चिन्तन, मनन एवं विश्लेषण गर्ने गराउने अवसर प्राप्त गर्दछन् । राजनीतिक इतिहास, लोकतान्त्रिक शासन प्रक्रिया, नागरिकहरूको राष्ट्रप्रतिको कर्तव्य जस्ता महत्त्वपूर्ण विषयहरुमा सुसुचित हुने अवसर यस्ता राष्ट्रिय पर्वबाट युवाहरुले प्राप्त गर्दछन् । अग्रजहरूले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि गरेका सङ्घर्ष र योगदानको बारेमा जानकारी प्राप्त गर्दछन् । लोकतान्त्रिक गणतन्त्रको उपादेयता र महत्त्वको बारेमा सुसुचित हुने अवस्था बन्दछ । मताधिकारको प्रयोग गर्दै निर्वाचित प्रतिनिधिहरूलाई आम नागरिकहरूप्रति जवाफदेही बनाउने प्रण गर्ने दिनका रुपमा गणतन्त्र दिवसलाई लिइन्छ । संविधानमा रहेका लोकतान्त्रिक प्रावधानहरूको व्यवहारमा उपयोग गर्नका लागि आफ्ना प्रतिनिधिहरुलाई निर्देशित गर्ने हैसियत नागरिकहरुले प्राप्त गर्दछन् । जनप्रतिनिधिहरू समेत आफ्ना मतदाताहरूबाट प्राप्त मार्गदर्शन र निर्देशनका आधारमा लोकतान्त्रिक प्रणालीलाई आत्मसाथ गर्दै अघि बढ्ने प्रक्रियामा अभ्यस्त हुन्छन् । न्याय र स्वच्छ व्यवहारको प्राप्ति गणतान्त्रिक लोकतन्त्रमै हुन्छ । नागरिकहरूले सम्मान पाउने व्यवस्था पनि यही हो । भयरहित वातावरणमा जीवन निर्वाह गर्न लोकतान्त्रिक सिद्धान्त मूल्य र मान्यतामा अडिग रहन यस प्रणालीले मार्गप्रशस्त गर्दछ।

गणतन्त्रत्मक लोकतान्त्रिक शासन प्रणाली सर्वोत्कृष्ट लोकतान्त्रिक प्रणाली भएकाले नेपालमा गणतन्त्र प्राप्ति भएकोमा विश्वका प्रायः सबै लोकतान्त्रिक देशहरुले नेपालको यस उपलब्धिलाई समर्थन गरेका छन् । नेपाली जनताको इच्छा र आकांक्षाका कारण नेपालमा गणतन्त्र प्राप्त भएकाले यस्तो शासन प्रणाली स्थापना भएको अवसरलाई संयुक्त राष्ट्रसङ्घले समर्थन र स्वागत गरेको छ । विश्वभर नै आफ्नो पहिचान लोकतान्त्रिक गणतन्त्रात्मक देशका नाताले बनाउन सफल भएकै कारण अन्तरराष्ट्रियस्तरमा नेपालको स्वीकार्यता बढ्दै गएको छ । दुईपक्षीय र बहुपक्षीय सम्बन्धहरू समेतमा विस्तार हुँदै आएको छ। यो गणतान्त्रिक लोकतान्त्रिक शासन प्रणाली कै कारण सम्भव भएको हो।

**गणतन्त्रमा निजामती सेवाः**
गणतान्त्रिक व्यवस्थामा जनता सदैव शासन सत्ताको केन्द्रमा रहन्छन् । जनताको चाहना, इच्छा र आवश्यकताको पहिचान गर्दै नागरिकहरूको पूर्ण सम्मानका साथ शासन सञ्चालन यस प्रणालीमा गरिन्छ । यस्तो लोकतान्त्रिक शासन स्थायी संयन्त्र वा स्थायी सरकारको रुपमा अस्तित्वमा रहेको हुन्छ । यस महत्वपूर्ण संयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गर्न सक्दा मात्र जनता समक्ष लोकतान्त्रिक सरकारले विश्वास आर्जन गर्न सक्दछ । सक्षम निष्पक्ष र उत्तरदायी निजामती प्रशासन लोकतान्त्रिक गणतन्त्रमा अपरिहार्य मानिन्छ । राष्ट्रसेवक निजामती कर्मचारीहरूले प्राप्त गर्ने अधिकारहरू लगायतका सुरक्षाको व्यवस्था गर्न गणतान्त्रिक सरकारसक्षम हुनुपर्दछ । यस परिस्थितिमा मात्र निजामती सेवाबाट अपेक्षित उपलब्धिहरु प्राप्त हुन सक्छन्। निजामती सेवाका राष्ट्रसेवकहरूबाट नागरिकहरूले सरल तरिकाले पारदर्शिताका आधारमा गुणस्तरीय प्रभावकारी सेवा उपलब्ध हुनुपर्ने अपेक्षा गरिराखेका हुन्छन् । यस प्रकारको व्यवस्थामा जनता नै वास्तवमा मालिक हुने भएकाले निजामती संयन्त्र सेवाग्राही जनताप्रति उत्तरदायी र जवाफदेही बन्नुपर्दछ । कानुनी शासनका आधारमा प्रशासन सञ्चालन हुनुपर्दछ । भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्नमा निजामती संयन्त्र प्रभावकारी सिद्ध हुनुपर्छ । यस प्रकारको प्रभाव नागरिकहरूमा पर्दा मात्र राज्यप्रति आम नागरिकहरूले विश्वास प्रकट गर्दै स्वामित्व ग्रहण गर्दछन् । विकास र समृद्धिका संवाहकहरु पनि निजामती कर्मचारीहरु बन्न सक्नु पर्दछ । नीति निर्माताहरूलाई यस सेवाका नेतृत्व तहमा रहनेहरूले आफ्नो क्षमता र योग्यताको आधारमा इमान्दारितापूर्वक सहयोग गर्नु पर्दछ । सरकारका नीति योजना तथा कार्यक्रमहरू तर्जुमाको अवस्थामा विशेषज्ञको रुपमा सहयोग पु¥याई कार्यान्वयन चरणमा प्रत्यक्ष संलग्नता यस्ता संयन्त्रबाट राज्यले अपेक्षा गरिराखेको हुन्छ।

देशका सबै प्रकारका जात, जाति, वर्ग, भाषा, क्षेत्र, समुदायको राज्यका क्रियाकलापहरूमा समान र अर्थपूर्ण सहभागिता प्रदर्शन गराउन संयन्त्र सफल हुनुपर्दछ । सामाजिक न्याय र समावेशताको गन्तव्य प्राप्तगर्न क्रियाशीलता दिन सक्नुपर्दछ । संविधान लगायतका देशका कानुनहरूको निष्पक्ष र प्रभावकारी कार्यान्वयन गर्दै नागरिक अधिकारको संरक्षण व्यवहारिक रुपमा नै गर्न इमान्दारितापूर्वक कार्य सम्पादन हुनु पर्दछ । नागरिकहरूको सहभागिताको गुणस्तरीय र अर्थपूर्ण प्रवद्र्धनको वातावरण तयार हुनु अत्यावश्यक मानिन्छ । नागरिकहरूका बीचको सद्भाव कायम गर्दै राष्ट्रिय एकताका पक्षमा सकारात्मक परिणामका लागि निजामती कर्मचारीहरूको इमान्दार प्रयास हुनुपर्दछ । यस परिस्थितिमा मात्र गणतान्त्रिक व्यवस्थाको प्रवद्र्धनको महसुस आम नागरिकहरुले गर्न सक्छन्। निजामती कर्मचारी संयन्त्रलाई सरकारले उनीहरूको मनोबल उच्च बनाई सक्षमताको विकास गर्नुपर्दछ । यसका लागि राष्ट्रसेवक कर्मचारीहरूले राज्यबाट प्राप्त गर्ने अधिकारहरू लोकतान्त्रिक गणतन्त्रले सबै प्रकारका संवैधानिक कानुनी तथा पेशागत अधिकारहरु प्रदान गरी पूर्णरुपमा सुरक्षा प्रदान गर्नु पर्दछ । यी अधिकारहरुमा योग्यताका आधारमा सबै नेपालीहरुलाई निजामती सेवामा प्रवेशगर्ने समान अवसर प्राप्तगर्ने प्रावधान र इमान्दारिताका साथ व्यवहारमा परिणत गरिदिनुपर्दछ । कुनै पनि आधारमा भेदभाव गरिनु हुँदैन । संरचनामा सेवाको सुरक्षाको प्रत्याभूति गरिदा राजनीतिक उथलपुथलको परिणामका कारण उनीहरूको सेवा सम्बन्धी सुरक्षामा कुनै पनि प्रकारको चुनौतीको अवस्था बन्न दिनु हुँदैन । वृत्ति विकासका लागि न्यायोचित निष्पक्ष अवसर प्रदान गर्नु जरुरी हुन्छ । यसबाट सुयोग्य र दक्ष जनशक्तिको विकास सम्भव हुन्छ । पेसागत हकहितका प्रवद्र्धन गर्नका लागि सरकार सदैव तत्पर रहनुपर्दछ । तर यो अधिकारका नाममा दलीय प्रभाव निजामती सेवामा ग्राह्य हुँदैन । कार्य वातावरणको सुरक्षा प्रदान गरी सम्मानपूर्वक आफ्ना कर्तव्यप्रति गम्भीर बन्न संयन्त्रलाई मार्गप्रशस्त हुनु पर्दछ, गर्नुपर्दछ । पेशाप्रतिको मर्यादा कर्तव्यपालनका सन्दर्भमा गरिने न्यायोचित व्यवस्थाका साथै यही प्रकारका नागरिकहरूका हक अधिकारहरूले निजामती संयन्त्र सुसज्जित हुँदा मात्र यो संयन्त्रले उच्च मनोबलका साथ कर्तव्य निर्वाह गर्न सक्दछ । निजामती राष्ट्रसेवकका अधिकारहरू र उनीहरूले सम्पादन गर्ने कर्तव्यहरूका आधारमा सौहार्दपूर्ण अवस्था निर्माण गर्नसक्ने सक्षम निजामती संयन्त्रले गतिशीलता प्रदान गर्दै लोकतान्त्रिक गणतन्त्रप्रति आस्था राख्ने नागरिकहरुको वृद्धि हुँदा र गणतन्त्रलाई सम्मानित र स्वीकार्य बनाउन यो संयन्त्रले कोशेढुङ्गाका रुपमा भूमिका निर्वाह गर्न सक्नु पर्दछ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली भएका देशहरूमध्ये कार्यकारणी अधिकारसहितको राष्ट्रपति र कार्यकारणी अधिकार प्रधानमन्त्रीमा रही आलङ्कारिक वा संवैधानिक राष्ट्रपति भएका देशहरुमध्ये कुन कुन देशमा यो गणतान्त्रिक प्रणाली बढी सफलभएको देखिन्छ ? यसको अध्ययन र विश्लेषण गर्दा स्वतन्त्र निर्वाचन, कानुनी शासन, प्रेस स्वतन्त्रता, भ्रष्टाचारको स्तर, नागरिक अधिकार, सत्ता हस्तान्तरणको स्थायित्व आदिलाई सूचकका रुपमा लिई अनुसन्धानहरू गरिएका छन् । यी सूचकहरूका आधारमा अध्ययन अनुसन्धान गर्ने 'इकनमिक इन्टिलीजेन्स युनिट', 'डेमोक्रेटिक इन्डेक्स', 'फ्रिडम हाउस', 'ट्रान्सपरेन्सी इन्टरनेसनल' आदिको नाम अग्रपंक्तिमा आउँछन् । यी संस्थाहरूको अध्ययनको निष्कर्षको विश्लेषण गर्दा अर्ध राष्ट्रपतीय प्रणाली अवलम्बन गरेको देश फिनल्यान्ड सफल देखिएको छ । प्रत्यक्ष रूपमा नै सङ्घीय लोकतान्त्रिक शासन प्रणाली भएको देश स्विजरल्याण्ड पनि सफल छ । संसदीय गणतन्त्र भएका देशहरु जर्मनी, आयरल्याण्ड र अस्ट्रियाले पनि सुशासन प्रदान गर्न सफल भूमिका निर्वाह गरिराखेका छन्।

कार्यकारी राष्ट्रपति भएको देश संयुक्त राज्य अमेरिकाले विश्वमै लोकतान्त्रिक शासन प्रणालीको नेतृत्वदायी भूमिका निर्वाह गरिराखेको छ । दक्षिण कोरियाले पनि राष्ट्रपतीय प्रणाली अवलम्बन गर्दै पाँच दशकको अवधिमा आफ्नो आर्थिक तरक्की अत्यन्त द्रुतगतिमा गरी जापानसँग प्रतिस्पर्धा गरिराखेको छ । संसदीय प्रणाली अवलम्बन गरिएका देशहरुमा लोकतन्त्रको स्थायित्व अत्याधिक भएको पाइन्छ । अधिकांश गणतन्त्र भएका देशहरुले राष्ट्रपतिलाई आलङ्कारिक बनाई नागरिकप्रति प्रत्यक्ष रुपमा जवाफदेहीता प्रदान गर्ने प्रधानमन्त्रीको व्यवस्था गरेका छन् । नेपालको व्यवस्था पनि संसदीय गणतन्त्रात्मक नै हो । यो प्रणाली सबैभन्दा बढीसफल विश्व परिवेशमा देखिँदै गएको छ।

**निष्कर्षः**
लामो सङ्घर्ष, जनआन्दोलन र बलिदानपछि नेपाली जनताले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका हुन् । यसले नेपाली जनतालाई सार्वभौम सत्ताको वास्तविक अनुभूति गराएको छ । यद्यपि गणतन्त्रको सफलताको लागि केवल व्यवस्था परिवर्तन मात्र पर्याप्त हुँदैन । राजनीतिक स्थिरता सुशासन कानुनी शासन र नागरिक सचेतना पनि उत्तिकै आवश्यक हुन्छ । गणतन्त्रलाई प्रभावकारी बनाउन राजनीतिक दल नागरिक समाज र आमजनताले समान रुपमा जिम्मेवारी निर्वाह गर्नुपर्दछ । अन्त्यमा लोकतन्त्रको स्थायित्व समावेशीता र प्रभावकारिताका लागि गणतन्त्र अत्यावश्यक छ । गणतन्त्रले जनतालाई शासनको केन्द्रमा राख्दै समानता स्वतन्त्रता र न्यायको सुनिश्चितता गर्दछ । यसले लोकतन्त्रलाई केवल सैद्धान्तिक अवधारणामा सीमित नराखी व्यवहारमा कार्यान्वयन गर्ने आधार प्रदान गर्दछ । लोकतन्त्रलाई सुधीर समृद्ध र जनमुखी बनाउन गणतन्त्रको संरक्षण र सशक्तीकरण नेपालको सन्दर्भमा पनि अपरिहार्य भएको छ । (लेखक नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ) रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# विश्वका पशुपालक महिलाहरुको अन्तर्राष्ट्रिय सम्मेलन



**ललितपुर ।**
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले विश्वका पशुपालक महिलाहरुको अन्तरराष्ट्रिय सम्मेलनले सामूहिक प्रतिबद्धतालाई अझै बलियो बनाउने अवसर प्रदान गर्नेछ भन्ने धारणा राखेकी छिन् । संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठनको प्राविधिक सहयोगमा अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) खुमलटारमा आयोजित विश्वका पशुपालक महिलाहरुको अन्तरराष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उनले सम्मेलन महिला पशुपालकहरुलाई अधिकारको सम्मान र पहिचान गर्ने सशक्त माध्यम बन्नेछ धारणा राखेकी हुन् ।

यो सम्मेलन महिला पशुपालकहरुको आवाज विश्वले सुन्ने माध्यम बनेको छ, सम्मेलनमा हुने प्रत्येक छलफलहरुले दुर्गम र संवेदनशील भूभागहरुमा आफ्ना पशुहरुसँग जीवनयापन गरिरहेका महिला, पुरुष र बालबालिकाहरुको वास्तविकतालाई केन्द्रविन्दुमा राखेर छलफलहरुलाई अगाडि बढाइनुपर्छ, पशुपालन जीवनशैलीलाई केवल पशुपालनसंगमात्रै सीमित नभइकन खाद्य प्रणाली जैविक विविधता संरक्षण, पारिस्थितिक संरक्षण, सांस्कृतिक सम्पदा र स्थानीय अर्थतन्त्रसँग गहिरो सम्बन्ध जोडिएको छ, यी प्रणालीहरुलाई ध्यानमा दिएर नीति निर्माण तहमा महिलाहरुको आवाज पर्याप्त रुपमा प्रतिनिधित्व हुन सकिरहेको छैन, मन्त्री चौधरीले भनिन् ।

चरण क्षेत्रसम्मका समस्या हाम्रो जीविकोपार्जन प्रणालीका साझा दायित्व हुन भन्दै मन्त्री चौधरीले अन्तरराष्ट्रिय चरनभूमि, उत्पादनशीलता र पशुपालनमा रहेका महिलाहरुको आवाज उठाउनुपर्छ भन्नेमा जोड दिइन् । सम्मेलन समयसापेक्ष र अत्यन्तै महत्त्वपूर्ण रहेको छ, महिला पशुपालकहरुको समस्या सुनिनुपर्छ, आगामी पुस्ताको भविष्य सुरक्षित गरिनुपर्छ, यो ज्ञान सिक्ने र अनुभव आदानप्रदान गर्ने एउटा महत्त्वपूर्ण मञ्च पनि हो, हामीले उठाउने प्रत्येक आवाजलाई दुर्गम र पिछडिएको भूभागका महिला तथा पुरुषहरुलाई केन्द्रमा राखेर निर्णय गर्नुपर्छ, उनले भनिन् ।

सरकारले प्राथमिकताका साथ विभिन्न सरोकारमा काम गर्दा महिला पशुपालकहरुले उठाएका सरोकार र बिषयलाई सम्बोधन गर्न सकिन्छ भन्दै उनले नेपालमा दुग्ध क्षेत्रको विकासमा कसरी काम गर्न सकिन्छ भनेर ध्यान दिइरहेको बताइन् ।

नेपालको हिमाली क्षेत्रदेखि मध्यपहाडसम्ममा पशुपालक जीवनशैली प्रमुख जीविकोपार्जन र कतिपय संस्कृतिको अभिन्न हिस्सा बन्दै आएको छ, यहाँका पशुपालकहरुले याक, भेडा, च्याङ्ग्रा तथा अन्य पशुपालनमार्फत पुस्तौंदेखि समुदायको स्थानीय अर्थतन्त्र, खाद्य प्रणाली तथा संस्कृतिक परम्परालाई जोगाइराखेका छन् । यसमा विशेषगरी महिला पशुपालकहरुको महत्त्वपूर्ण योगदानले अपेक्षित उपलब्धी हासिल गर्न सकेको छैन, महिला पशुपालकहरुको समस्या र चुनौती विश्वभरका साझा समस्या हुन्, उनले भनिन् ।

उनले राष्ट्रिय योजना र विकासमा पशुपालक महिलाहरूका समस्याहरुलाई समेटेर सरकारले नीतिगत व्यवस्था गर्ने जानकारी गराइन् । उनले नेपालमा गठन भएको वर्तमान सरकार ऊर्जाशील युवा तथा महिलाहरुको अधिक सहभागिता रहेको जानकारी गराउँदै विकासका साथै दिगो भविष्य निर्माण गर्न नेतृत्व क्रियाशील रहेको जानकारी गराइन् ।

संयुक्त राष्ट्रसङ्घले घोषणा गरेको अन्तरराष्ट्रिय चरन क्षेत्र तथा पशुपालक वर्ष सन् २०२६ का सहअध्यक्ष डाक्टर मारिया फर्नान्डेज–गिमेनेजले यो सम्मेलन विश्वव्यापी नेटवर्क स्थापित गर्दै विश्वव्यापी घोषणापत्र जारी गर्न सफल हुने विश्वास व्यक्त गर्दै महिलाहरुको आवाजलाई बुलन्द बनाउन सफल हुने धारणा राखे । उनले यस सम्मेलनले विश्वभरिबाट जम्मा भएका महिला पशुपालकहरुलाई अभिप्रेरित गर्नेछ भन्ने विश्वास रहेको छ भन्दै यसले आफ्नो कथा र दृष्टिकोणलाई परिवर्तन गर्न योगदान पु¥याउने प्रष्ट पारे ।

नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) का आवासीय प्रतिनिधि डाक्टर केन शिमीजुले यो सम्मेलन ऐतिहासिक भएको बताउँदै विश्वव्यापी विविधतालाई एकताबद्ध गर्दै पशुपालक महिलाहरूको क्षमता विकास र नेतृत्व विकासमा सहयोग पु¥याउने विस्वास व्यक्त गरे । उनले यो सम्मेलनले सकरात्मक परिवर्तन ल्याउन सफल हुने विश्वास व्यक्त गर्दै लैङ्गिक उत्तरदायित्व नीतिगत व्यवस्थाका साथै सकरात्मक भविष्यको लागि कोसेढुङ्गा सावित हुने धारणा राखे ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्टले महिला पशुपालकहरुका अनुभव, सङ्घर्षको कथाहरुका आधारमा स्थानीयदेखि अन्तरराष्ट्रिय तहका निर्णय प्रक्रिया र नीतिहरूमा पशुपालक महिलाहरूको दृष्टिकोण र प्राथमिकता समावेश गराउन दबाब दिन सम्मेलन सफल हुने विश्वास व्यक्त गरे ।

मंगलबार देखि सुरु भएको सम्मेलन शुक्रबारसम्म सञ्चालन हुने छ । सन् २०१० मा भारतको 'मेरा' क्षेत्रमा भएको विश्व सम्मेलनमा पशुपालक महिलाहरूले तयार पारेको दस्तावेजको समीक्षा गर्नु यो सम्मेलनको मुख्य विषय हो । यसले लैंगिक समानता, पशुपालकको अधिकार र वातावरण संरक्षणलाई जोड दिइएको छ । रासस

# सुर्तीजन्य पदार्थमा शतप्रतिशत कर वृद्धि गर्न सरकारलाई सुझाव

**काठमाडौँ ।**
सुर्तीजन्य पदार्थका कारण बर्सेनि ३९ हजार बढी नागरिकले अकालमै ज्यान गुमाउने गरेको भन्दै सांसदहरूले आगामी आर्थिक वर्षको बजेटमार्फत सुर्तीजन्य पदार्थमा शतप्रतिशत कर वृद्धि गर्न सरकारलाई सुझाव दिएका छन् । नेपालमा हाल सुर्तीजन्य पदार्थमा ४० प्रतिशत मात्रै कर लाग्दै आएको जनाउँदै उनीहरूले विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेअनुसार त्यस्ता पदार्थमा कम्तीमा ७५ प्रतिशत कर लगाउन आग्रह गरे । सुर्तीजन्य पदार्थबाट वार्षिक ३३ अर्ब राजस्व उठे तापनि स्वास्थ्य र उपचारबापतको भार रु ४५ अर्ब बढी रहेको सांसदहरूले जनाएका छन् ।



उनीहरूले सुर्तीजन्य पदार्थबाट ८५ लाख बढी नागरिक आक्रान्त भएको र १४ देखि २४ वर्षसम्मका आठ लाख युवा विद्यार्थी सुर्तीजन्य पदार्थको लतमा फसेको दृष्टान्त सुनाए । सांसदहरूले सुर्तीजन्य पदार्थमाथि भारतमा ५८ र बङ्गलादेशमा ७३ प्रतिशत कर लिने गरेको जानकारी दिए । सांसद कुशुम महर्जनले सुर्तीजन्य पदार्थका कारण हरेक वर्ष नेपालमा ३९ हजारभन्दा बढीले ज्यान गुमाउने गरेको भन्दै आगामी बजेटबाट त्यस्ता पदार्थमा शतप्रतिशत कर वृद्धि गर्न माग गरे । सांसद गुरुप्रसाद बरालले सुर्तीजन्य पदार्थमा लाग्दै आएको करको दायरा वृद्धि गरी त्यसको प्रयोगमा न्यूनीकरण ल्याउन आग्रह गरे । "सुर्तीजन्य पदार्थमा भारी करवृद्धि गरी यसको प्रयोगमा सङ्कुचन ल्याउन आवश्यक छ", उनले भने ।

सांसद डा अत्युतम लामिछानेले किसानको उत्पादनलाई बजारसम्म ढुवानी गर्ने सवारी सधानमा शून्य करको व्यवस्था मिलाउन आग्रह गरे । सांसद अनुस्का श्रेष्ठले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलका सबै पसलमा नेपाल चिनाउने स्थानीय उत्पादनको बिक्री गर्ने प्रबन्ध मिलाउन सुझाव दिइन् । सांसद अफ्साना बानुले सुशासनको माग गर्दै जेनजी आन्दोलनमा उत्रिएका युवालाई झुटा आरोपमा थुनिएको भन्दै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराइन् । सांसद अभिषेकप्रताप शाहले कपिलवस्तुलगायत तराईका जिल्लामा देखिएको खानेपानीको समस्या समाधान गर्न माग गरे । सांसद अमरकान्त चौधरीले नेपाल–भारत सीमास्थित सप्तरीमा रहेको भन्सारमा 'क्वारेन्टाइन'को व्यवस्था गर्न माग गरे ।

सांसद अमरेशकुमार सिंहले उखु किसानलाई उद्योगीले दिने बक्यौता र सरकारले दिने अनुदान तत्काल वितरण गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद अमृता विकले खुलमखुला मदिरा बिक्री गर्न पाउने विद्यमान व्यवस्थामा सुधार गरी नागरिकको स्वास्थ्यप्रति गम्भीर बन्न आग्रह गरिन् । सांसद अम्बिकादेवी सङ्ग्रौलाले काठमाडौँको माइतीघरमा अनशनरत नागरिकको माग सम्बोधन गर्न अनुरोध गरिन् । सांसद अरबिन्द साहले आगामी आवका लागि धानको न्यूनतम् मूल्य निर्धारण गरेकमा सरकारलाई धन्यवाद दिँदै कृषि बीमा, मल, बीउ र सिँचाइको उचित प्रबन्ध गर्न आग्रह गरे । सांसद अर्जुनकुमार कार्कीले सङ्खुवासभाको मकालु गाउँपालिकामा बाढी तथा पहिरोले स्थानीय किसानको भेडा बगाएको भन्दै किसानलाई तत्काल राहत दिन माग गरे ।

सांसद अर्जुननरसिंह केसीले पूर्वप्रधानन्याधीशको नेतृत्वमा संविधान संशोधनका लागि आयोग गठन गर्न र साझा राष्ट्रिय सहमति कायम गर्न सरकारलाई सुझाव दिए । सांसद अशोककुमार चौधरीले मोबाइल बैंकिङ सेवाले नागरिकलाई सहज भए पनि 'डिजिटल वालेट'को सुरक्षा वृद्धि गर्दै डिजिटल चोरी नियन्त्रणमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराए । सांसद आकृति अवस्थीले जेनजी आन्दोलनको बलमा वर्तमान जनमत प्राप्त भएको जनाउँदै गत भदौ २३ र २४ गतेको आन्दोलनमा घाइते भएका युवाको उपचार सुनिश्चित गर्न माग गरिन् । सांसद आनन्दबहादुर चन्दले सुदूरपश्चिम क्षेत्रको समग्र विकासमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराए । सांसद आरेन राईले किसानका समस्या समाधान तथा सुकुमवासी नागरिकलाई भूमिको स्वामित्व दिने काम कहिले हुने हो भनी प्रश्न गरे ।

सांसद आशा झाले किसानलाई मलबीउ र सिँचाइको उचित प्रबन्ध गर्न अनुरोध गरिन् ।

सांसद आशिका तामाङले वैदेशिक रोजगारीका क्रममा निधन भएका धादिङको धुनिबेँसी नगरपालिकाका युवाको शव तत्काल स्वदेश ल्याउन माग गरिन् । सांसद इन्दिरा राना मगरले सुशासन कायम गर्न सरकारले थालेको प्रयासलाई सबैले सहयोग गर्नुपर्ने बताइन् । सांसद एलिजा गुरुङले गुम्बा विकास समिति खारेज गर्ने सिफारिस अविलम्ब फिर्ता लिई सो निकायलाई व्यवस्थित तुल्याउन माग गरिन् । सांसद एशुदाकुमारी बरालले काठमाडौँबाट सुर्खेत जाँदै गरेको बस दुर्घटनामा घाइते भएका नागरिकको निःशुल्क उपचार गर्न सरकारको ध्यानाकर्षण गराइन् । सांसद ऐनबहादुर महरले बझाङमा हावाहुरीको समयमा टेलिफोनको नेटवर्क नचल्ने र बिजुली कटौती हुने समस्या समाधान गर्न सरकारसँग माग गरे ।

सांसद ओजस्वी शेरचनले सरकारी अस्पतालमा करोडौँको उपकरण प्रयोयविहीन भएर थन्केको जनाउँदै खरिद प्रक्रियामा थप स्पष्टता ल्याउन सरकारलाई सुझाव दिइन् । सांसद अङ्किता ठाकुरले बझाङमा खानेपानी, सडक तथा आवश्यक पूर्वाधार अभावसम्बन्धी समस्या समाधान गर्न आग्रह गरिन् । सांसद कन्हैया बनियाँले सन्तुलित विकास गर्ने सरकारको योजना सकारात्मक रहेको बताए । सांसद कमल सुवेदीले गर्मीको समयमा आगलागीको घटना वृद्धि हुँदै गएको भन्दै दक्ष जनशक्तिसहित अग्नि नियन्त्रणयन्त्रको व्यवस्था गर्न माग गरे ।

सांसद करिश्मा कठरियाले भनिन्,दार्चुलामा सडक, शिक्षा, सञ्चारजस्ता आधारभूत सुविधा नपुगेकाले त्यसका लागि आगामी बजेटमा विशेष व्यवस्था गरियोस् । सांसद कामिनीकुमारीले वर्तमान सरकारले जनअपेक्षाअुनसार काम गर्दा प्रतिपक्षीबाट सदन अवरुद्ध गरिनु आपत्तिजनक भएको बताइन् । सांसद कालिबहादुर सहकारीले कालिकोटको नरहरिनाथ गाउँपालिका–३ मा रहेको रमा माध्यामिक विद्यालयको खेलकूद मैदान गत चैत ९ गतेको वर्षासँगै आएको पहिरोले बगाएको जनाउँदै सो खेलकूद मैदान पुनर्निर्माणका लागि सरकारको ध्यानाकर्षण गराए ।

सांसद कुलभक्त शाक्यले धार्मिक, सांस्कृतिक सम्पदाले सम्पन्न सांस्कृतिक सहरका रुपमा रहेको काठमाडौँमा अव्यवस्थित 'पार्किङ'को नाममा अतिक्रमण भइहेकाले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराए । सांसद कृपाराम रानाले कञ्चनपुरको दैजी–छेला औद्योगिक क्षेत्र निर्माणलाई तीव्रता दिन आग्रह गरे । सांसद कृष्णहरि बुढथोकीले शिक्षा र स्वास्थ्य क्षेत्रमा सातामा दुई दिन बिदा दिने व्यवस्था पुनःविचार गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद केपी खनालले पश्चिम तराईका जिल्लामा गर्मीले नागरिकको स्वास्थ्यमा गम्भीर असर पर्न थालेको जनाउँदै त्यसतर्फ गम्भीर बन्न सरकारसँग माग गरे । सांसद क्रान्तिशिखा धितालले शिक्षकको तलब, बढुवा प्रणाली र सम्मानलाई समयसापेक्ष परिमार्जन गर्न सरकारलाई सुझाव दिए । सांसद खगेन्द्र कर्णले कोशी टप्पु वन्यजन्तु आरक्षका जङ्गली जनावरबाट आसपासका नागरिक पीडित भएकाले त्यसतर्फ ध्यान दिन अनुरोध गरे । सांसद खगेन्द्र सुनारले बाँकेमा अत्यधिक गर्मीका कारण न्यून आय भएका नागरिकको जीवन कष्टकर बनेको जनाउँदै पश्चिम नेपाल र तराईका जिल्लामा विद्युत् आपूर्ति नियमित बनाउन माग गरे । सांसद खडकबहादुर बुढाले जाजरकोटको नलगाढ जलविद्युत्, भेरी कोरिडोर र मध्यपहाडी लोकमार्गलगायत आयोजनामा पर्याप्त बजेट विनियोजन गर्न माग गरे ।

सांसद खड्का शाहीले सम्पत्ति छानबिन आयोगले सम्पादन गर्ने कार्यलाई थप विश्वसनीय र पारदर्शी बनाउन सुझाव दिए । सांसद खिमा विकले अप्ठयारो अवस्थामा नागरिकको जीउधनको सुरक्षा गर्न अग्रपङ्क्तिमा खटिइएका सुरक्षाकर्मीका मनोबल बढाउन आगामी बजेटबाट विशेष व्यवस्था गर्न माग गरिन् । सांसद खुश्बु ओलीले झापाको कन्काइ नगरपालिका–२ मा २१ करोड लगानीमा निर्माण गरिएको बायोग्यास प्लान अलपत्र परेको भन्दै सो परियोजना निर्माणमा भएको अनियमितता छानबिन गर्न माग गरिन् । सांसद खेमराज कोइरालाले कैलालीमा पहिरोका कारण विस्थापति बनेका नागरिकलाई तत्काल सुरक्षित स्थानमा पुनःस्थापना गर्न अनुरोध गरे ।

सांसद गजाला शमीम मिकरानीले मधेस प्रदेशमा सञ्चालित राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाका गतिविधिबाट नागरिक लाभान्वित हुन नसकेका भन्दै ती संस्थाको कार्यप्रणालीमा प्रभावकारी अनुगमन र उत्तरदायित्व सुनिश्चि गर्न माग गरिन् । सांसद गणेश कार्कीले जग्गाको गलत स्रेस्ता कायम गरी नागरिकलाई झुक्याउनेमाथि कारबाही गर्न माग गरे । सांसद गणेश पराजुलीले काठमाडौँ उपत्यकासहित देशभर हुने ऐतिहासिक जात्रालाई विश्वमाझ पु¥याउन सम्बद्ध पक्षको ध्यानाकर्षण गरे । सांसद गणेश पौडेलले रौतहटका स्वास्थ्य संस्थामा निःशुल्क औषधिको अभाव रहेको भन्दै तत्काल सोसम्बन्धी समस्या समाधान गर्न माग गरे । सांसद गणेशबहादुर विश्वकर्माले गरिबीका कारण नागरिकले स्वास्थ्य सेवा लिन धौधौ परिरहेको जनाउँदै नागरिकलाई सहुलियतरुपमा स्वास्थ्य सेवा पु¥याउन आग्रह गरे ।

सांसद गणेशसिंह ठगुन्नाले दुर्गम जिल्लामा कार्यरत राहत शिक्षकलाई विशेष भत्ताको व्यवस्था गर्न माग गरे । सांसद गीता गुरुङले शक्तिपृथकीकरणको सिद्धान्तलाई अवलमूल्यन नगर्न सरकारलाई आग्रह गरिन् ।

सांसद गीताकुमारी सेन्दाङले 'मेडिकल रिप्रिजेन्टेटिभ'लाई अस्पताल प्रवेशमा रोक लगाउने निर्णय फिर्ता लिन माग गरिन् । सांसद गोपाल शर्माले रुकुम पश्चिमको चौरजहारीमा खानेपानीको अभाव देखिएको भन्दै सो समस्या समाधान गर्न माग गरे । सांसद गङ्गा छन्त्यालले महिला, दलित, आदिवासी, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र अपाङ्गता भएका महिलामाथि हुँदै आएको विभेद अन्त्य गर्न माग गरे । सांसद गङ्गादेवी श्रेष्ठले राहत तथा अस्थायी शिक्षकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन तथा उनीहरूलाई न्यायोचित व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराइन् । सांसद गङ्गालक्ष्मी अवालले भक्तपुरमा चल्दै आएको प्राचीन तान्त्रिक नवदुर्गा नाचको संरक्षण गर्न सरकारको ध्यानाकर्षण गराइन् । रासस

# नागरिकको दैनिक जीवनस्तर उकास्न सरकार प्रतिबद्धः प्रम शाह

**काठमाडौं ।**
प्रधानमन्त्री वालेन्द्र शाहले वास्तविक र देखिने गरी नेपाली नागरिकको दैनिक जीवनस्तर उकास्न आफ्नो नेतृत्वको सरकार प्रतिबद्ध रहेको बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार काठमाडौँ र नयाँ दिल्लीस्थित युरोपेली सङ्घ (इयू) तथा यसका सदस्य राष्ट्रका राजदूत तथा काठमाडौँस्थित अन्य मुलुकका राजदूतहरूसँग भएको संयुक्त भेटवार्तामा प्रधानमन्त्री शाहले वर्तमान क्षणको अत्यावश्यकता र आफूहरूलाई सुम्पिएको गहन जिम्मेवारीको पूर्ण रूपमा बोध गरिरहेको बताए ।

प्रधानमन्त्री शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार उक्त भेटका क्रममा प्रधानमन्त्री शाहले नेपालमा हालै सम्पन्न निर्वाचन परिणामले सुशासन र समावेशी आर्थिक समृद्धिका लागि स्पष्ट तथा निर्णायक जनादेश दिएको र नयाँ सरकार गठन भए पनि नीतिगत निरन्तरता रहने स्पष्ट पारे ।



प्रधानमन्त्री शाहले भने, नयाँ हुनुको अर्थ विगतबाट पूर्ण रूपमा अलग हुनु होइन । नेपालको नीति निर्देशन स्पष्ट, स्थिर र अनुमानयोग्य हुने सुनिश्चित गर्दै हामी लोकतान्त्रिक मूल्यमान्यताको संरक्षण र राजनीतिक स्थिरता कायम गर्न पूर्ण रूपमा प्रतिबद्ध छौँ ।

नेपालको सुशासन र अर्थतन्त्रको समावेशी वृद्धिका लागि आफ्नो नेतृत्वको सरकार प्रतिबद्ध रहेको उनले उल्लेख गरे । जनताका लागि नयाँ अवसर सिर्जना गर्न सरकार विश्व बजारबाट लाभान्वित हुन चाहेको, बृहत् लगानी आकर्षित गर्न प्रक्रियाहरूलाई थप सहज बनाउँदै नवप्रवर्तनलाई प्रोत्साहन र दिगो विकास हासिल गर्न प्रतिबद्ध रहेको प्रधानमन्त्री शाहले बताए ।

प्रधानमन्त्री शाहले नेपालले सन्तुलित एवम् व्यावहारिक विदेश नीतिको अवलम्बनलाई निरन्तरता दिने स्पष्ट पारे । हाम्रा छिमेकी, विकास साझेदार र मित्र राष्ट्रहरूसँगको सम्बन्ध आपसी सम्मान, सार्वभौम समानता र साझा समृद्धिका सिद्धान्तहरूद्वारा निर्देशित छ, उनले भने ।

नेपालको विकास तथा समृद्धिका लागि निरन्तर सद्भाव र सहयोग पु¥याउँदै आएको स्पष्ट पार्दै प्रधानमन्त्री शाहले नेपालका सबै विकास साझेदार र मित्रराष्ट्रहरूप्रति आभार प्रकट गर्नुभयो । साथै, उनले व्यापार, लगानी, हरित ऊर्जा, जलवायु, पर्यटन तथा अन्य प्रमुख क्षेत्रमा सहकार्य गर्न र त्यसलाई अझ सुदृढ बनाउन नेपाल लागिपरेको स्पष्ट पारे ।

भेटका क्रममा प्रधानमन्त्री शाहले विश्वका विभिन्न भूभागहरूमा द्वन्द्वले निरन्तर प्रभाव पारिरहेका बेला सर्वसाधारण नागरिकले नै सबैभन्दा बढी पीडा भोग्नु परेको भन्दै शान्ति कायम गर्न सैन्य मुठभेडभन्दा संवाद, कूटनीति र अन्तरराष्ट्रिय कानुनले प्राथमिकता पाउनुपर्नेमा प्रधानमन्त्री शाहले जोड दिए ।

भेटमा काठमाडौँ र नयाँ दिल्लीस्थित युरोपियन युनियनका राजदूतहरू तथा काठमाडौँस्थित अन्य राजदूतहरूले शान्तिपूर्ण रूपमा चुनाव सम्पन्न गरेको भन्दै नेपालको प्रशंसा गरेका थिए । साथै, उनीहरूले सुशासन, आर्थिक विकास र समृद्धिको म्यान्डेटसहित नयाँ सरकारको नेतृत्वमा पुगेकोमा प्रधानमन्त्री शाहलाई बधाई दिएका थिए । आर्थिक वृद्धि र समृद्धिका लागि विभिन्न क्षेत्रमा नेपालसँग सहकार्य तथा लगानी गर्न आफूहरू तयार रहेको उनीहरूले उल्लेख गरे । रासस

# अमेरिकी आक्रमणबिच इरान सम्झौता वार्ता पेचिलो



**तेहरान ।**
अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिच्छ्याउन प्रयोग हुने डुङ्गामाथि ‘आत्मरक्षात्मक’ सैन्य कारबाही गरेको जनाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँगको वार्ता ‘सकारात्मक ढङ्गले अघि बढिरहेको’ दाबी गरिरहेकै बेला अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिच्छ्याउन प्रयोग हुने डुङ्गामाथि ‘आत्मरक्षात्मक’ सैन्य कारबाही गरेको जनाएको छ । यसले युद्धविरामको नाजुक अवस्थाबीच सैन्य तनाव र कूटनीतिक प्रयास एकैसाथ अघि बढिरहेको सङ्केत गरेको छ ।

अमेरिकी सेनाको सेन्ट्रल कमान्डका प्रवक्ता क्याप्टेन टिम हकिन्सका अनुसार उक्त आक्रमण ‘इरानी सेनाबाट उत्पन्न जोखिमविरुद्ध अमेरिकी सैनिकको सुरक्षा सुनिश्चित गर्न’ गरिएको हो । उनले अमेरिकी पक्षले जारी युद्धविरामको अवधिमा संयम अपनाइरहेको दाबी पनि गरे । यद्यपि, इरानबाट उत्पन्न भनिएको खतरा वास्तवमा के थियो, त्यसले जारी वार्तालाई कसरी असर गर्न सक्छ भन्ने विषयमा तत्काल विस्तृत जानकारी सार्वजनिक गरिएको छैन । घटनाबारे इरानले औपचारिक प्रतिक्रिया दिएको छैन । यद्यपि, तेहरानले अमेरिकासँग सम्भावित सहमतिबारे जारी छलफलका लागि आफ्नो संसद्का अध्यक्ष मोहम्मद बाघेर कालिबाफलाई कतार पठाएको छ । युद्धका क्रममा इरानी आक्रमणको दबाब खेपेको कतारले इरानसँग सम्बन्धित अर्बौं डलर रकम आफ्ना वित्तीय संयन्त्रमार्फत व्यवस्थापन गर्दै आएको पृष्ठभूमिमा यो संवादलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

इरानभित्र भने घटनाको प्रभाव देखिन थालेको छ । पूर्व रिभोलुसनरी गार्ड प्रमुख मोहसेन रेजाईसँग निकट मानिने समाचार वेबसाइट तबनाकले अमेरिकी कारबाहीमा चारजना गार्ड सैनिक मारिएको जनाएको छ । उता, इरानी सरकारी टेलिभिजनले हर्मुज जलघाँटी क्षेत्रअन्तर्गत पर्ने बन्दर अब्बास आसपासको सैन्य बन्दरगाह र दोहोरो प्रयोजनका विमानस्थल वरपर विस्फोट भएको खबर दिएको छ ।

यी घटनाले एक सातादेखि कायम युद्धविरामलाई पुनः अस्थिर बनाउने खतरा बढाएको छ । विश्व ऊर्जा आपूर्तिको दृष्टिले संवेदनशील मानिने हर्मुज जलघाँटी अझै पनि इरानको प्रभाव क्षेत्रमा रहेको मानिन्छ । विश्वभर कारोबार हुने कच्चा तेल र प्राकृतिक ग्यासको ठूलो हिस्सा यही मार्गबाट ओहोरदोहोर हुने भएकाले त्यहाँको अस्थिरताले अन्तर्राष्ट्रिय ऊर्जा बजारमा प्रत्यक्ष असर पार्ने चिन्ता कायम छ । यता ट्रम्पले इरानसँग सम्भावित सहमतिको दायरालाई थप फराकिलो बनाउन खोज्नुभएको देखिएको छ । उनले इरान युद्ध अन्त्य गर्ने कुनै पनि सम्भावित सम्झौतामा साउदी अरेबिया, पाकिस्तानलगायत थप देशहरूलाई पनि ‘अब्राहम सम्झौता’ मा सहभागी गराउनुपर्ने प्रस्ताव अघि सारेका छन् । ट्रम्प प्रशासनको पहिलो कार्यकालमा सुरु गरिएको यो अमेरिकी मध्यस्थतामा आधारित पहलको उद्देश्य इजरायलसँग सम्बन्ध सामान्यीकरण गर्नु थियो ।

यो प्रस्ताव ट्रम्पमाथि आफ्नै रिपब्लिकन वृत्तभित्रबाट बढिरहेको दबाबका बीच आएको हो । इरानप्रति अपेक्षाकृत कडा नीति चाहने समूहले सम्भावित सम्झौतामाथि असन्तुष्टि जनाइरहेका बेला ट्रम्पले वार्तालाई क्षेत्रीय कूटनीतिक ढाँचासँग जोड्ने प्रयास गर्नुभएको देखिन्छ । उनले साउदी अरेबिया र कतारलाई ‘तत्काल हस्ताक्षर गर्नुपर्ने’ मुलुकका रूपमा उल्लेख गरे ।

यसअघि सन् २०२० मा बहराइन र संयुक्त अरब इमिरेट्सले अब्राहम सम्झौतामार्फत इजरायललाई औपचारिक कूटनीतिक मान्यता दिएका थिए । ट्रम्पले सामाजिक सञ्जालमार्फत अमेरिकाले ‘जटिल पहेली जोड्न गरेको सम्पूर्ण प्रयासपछि’ सम्बन्धित देशहरूले सामूहिक रूपमा यस प्रक्रियामा सहभागी हुनुपर्ने धारणा व्यक्त गरे ।

तर यो अवधारणा व्यवहारमा उतार्न सहज देखिँदैन । साउदी अरेबियाले दशकौँदेखि इजरायललाई सन् १९६७ अघिको सीमामा फर्किन, पूर्वी जेरुसेलमलाई राजधानी मानेर स्वतन्त्र प्यालेस्टिनी राज्य गठनलाई स्वीकार गर्न आग्रह गर्दै आएको छ । गाजा क्षेत्रमा हमासविरुद्ध इजरायलले अपनाएको सैन्य रणनीतिले खाडी मुलुकहरू र व्यापक मुस्लिम विश्वमा आलोचना बढाएको सन्दर्भले पनि यस्तो पहललाई थप जटिल बनाएको छ ।

पाकिस्तानको सन्दर्भमा पनि प्रश्न उस्तै संवेदनशील छ । प्यालेस्टिनी राज्यको मान्यता इस्लामावादका लागि दीर्घकालीन नीतिगत मुद्दा हो । पाकिस्तान इजरायलसँग औपचारिक कूटनीतिक सम्बन्ध नराख्ने देशमध्ये पर्दछ । इस्लामावादस्थित विश्लेषक सैयद मोहम्मद अलीका अनुसार ट्रम्पको पछिल्लो प्रस्तावका बाबजुद पाकिस्तानको इजरायलप्रतिको आधारभूत नीति अपरिवर्तित रहेको छ । ट्रम्पले शनिबार विभिन्न नेतासँगको संवादका क्रममा अब्राहम सम्झौताको विषय उठाएको खुलासा गरेका थिए । उनले अधिकांश देश सहभागी हुनुपर्ने तर ‘एक वा दुई’ देशले अस्वीकार गरे पनि प्रक्रिया अघि बढ्न सक्ने सङ्केत दिएका छन् । इजिप्ट र जोर्डनले पहिल्यै इजरायललाई औपचारिक मान्यता दिइसकेका छन् भने टर्कीले सन् १९४९ मै इजरायललाई मान्यता दिएको थियो ।

अमेरिकाका लागि पाकिस्तानका पूर्व राजदूत मसूद खानले ट्रम्पको सूचीमा समेटिएका देशहरूका लागि यस्तो प्रस्ताव व्यावहारिक रूपमा कति सम्भव छ भन्ने अझै खुला प्रश्न रहेको बताए । उनका अनुसार अब्राहम सम्झौतालाई अचानक वार्ताको एजेन्डामा ल्याइनुले चलिरहेको मध्यस्थता र कूटनीतिक प्रक्रियामा नयाँ तहको जटिलता थपेको छ । उनले यसलाई ट्रम्पले भोगिरहेको आन्तरिक राजनीतिक दबाबसँग पनि जोडेका छन् ।

यद्यपि, मसूद खानका अनुसार कूटनीतिक संवाद पूर्ण रूपमा अवरुद्ध भएको छैन । उनले क्षेत्रीय मुलुकहरूको समर्थनसहित पाकिस्तान अहिलेको प्रक्रियाको केन्द्रभागमा रहेको दाबी गरे । इरानसँग सम्भावित सहमति कहिले, कुन स्वरूपमा वा कुन सर्तमा निष्कर्षमा पुग्न सक्छ भन्ने अझै स्पष्ट छैन । तर ट्रम्पले सहमति भए भविष्यमा इरान स्वयं पनि अब्राहम सम्झौतामा सहभागी हुन सक्ने सम्भावना औँल्याए ।

ट्रम्पको पहिलो कार्यकालमा अमेरिकी प्रभावमा विकसित अब्राहम सम्झौताहरू कूटनीतिक, आर्थिक र सुरक्षा सहकार्यको बहुआयामिक ढाँचा मानिन्छन् । यसमा सुडान, मोरक्को तथा पछिल्लो चरणमा कजाकिस्तानसमेत जोडिएको उल्लेख गरिएको छ । रासस

# परम्परागत भेडापालन छोडेर व्यावसायिक मौरीपालन



**म्याग्दी ।**
म्याग्दीको धौलागिरि गाउँपालिका–१ गुर्जाका रेशम छन्त्यालले परम्परागत भेडापालन छोडेर व्यावसायिक मौरीपालन गरेका छन् ।

घुम्ती गोठमा भेडापालन गर्ने पेसाको विकल्पमा मौरीपालन गरेका ४४ वर्षीय छन्त्याल स्वरोजगार र आत्मनिर्भर बनेका छन् । हिउँद, बर्खा, झरीबादल नभनी भेडाबाख्राको पछि लागेर लेकबेँसी गर्नुभन्दा घर वरपरकै बारीमा घार थापेर मौरीपालन गर्दा आफू र परिवारलाई सजिलो छ, उनले भने, हाल ८० घर मौरी छन् । प्रतिलिटर रु दुई हजारका दरले वार्षिक ३०० लिटर मह उत्पादन गरेर घरबाटै बिक्री गर्छु ।

छन्त्यालका बुबा र बाजेले परम्परागत रुपमा भेडापालन गर्दै आएका थिए । रोजगारीको खोजीमा केही वर्ष खाडीमुलुक बिताएका रेशमले करिब १५ वर्ष गाउँमै भेडापालन गर्नुभएको थियो । उनले आठ वर्षअघि भेडा बेचेर मौरीपालन गर्न थालेका हुन् । घरमै रहेको स्थानीय ‘एपी सेरेना’ जातको मौरीको चार–पाँच वटाबाट घार छुट्टाएर २०० वटासम्म बनाएको उनले बताए ।

“जङ्गलमा महशिकार गरिने, हावापानी र मौसम अनुकूल भएकाले मौरीपालनलाई रोजेको हो”, उनले भने, “मौरीको आनीबानीको बारेमा जानकार भएकाले घार विस्तार गर्न समस्या भएन् ।”

सामाजिक सञ्जाल ‘युट्युब’ मा कृषि विज्ञहरुको भनाइबाट प्रभावित भएर मौरीपालन गरेका छन्त्यालले हालसम्म सरकारी निकाय तथा गैरसरकारी संस्थाबाट तालिम र अनुदान सुविधा नलिएको बताए ।

गुर्जाका साथै मौरी चराउन लाछावाङमा पनि लैजाने गरको छन् । ग्राहक घरमै आउने भएकाले मह बिक्रीका लागि समस्या नभएको छन्त्यालले बताए ।

अधिक वर्षा र हिमपातका समयमा चरनको अभाव हुँदा मौरीलाई महनै आहारा दिने गरेका छन् । वरपरका वनजङ्गल र खेतबारी मौरीको चरन क्षेत्र हुन् ।

धेरै जाडो र फूल नफुल्दा मौरीलाई आहारा व्यवस्थापनमा समस्या हुने गरेको उनको अनुभव छ । जङ्गली जनावर भालु र मालछेपारोको आक्रमणबाट मौरीलाई जोगाउनु अर्को चुनौती रहेको छ । भौगोलिक विकटताका कारण बागलुङमा रहेको आन्तरिक राजस्व कार्यालयमा पुगेर फर्म दर्ता तथा पान नम्बर लिन नपाएको छन्त्यालले गुनासो गरे ।

हालै सडक सञ्जालमा जोडिएको धौलागिरि गाउँपालिका–१ गुर्जाका वडाध्यक्ष झक छन्त्यालले घुम्ती शिविर आयोजना गरेर मौरीपालक किसान रेशमसहितका उद्यमी, कृषक र व्यवसायीलाई दर्ता, करको दायरा, तालिम र अनुदान सुविधामा जोड्न पहल गरिने बताए । रासस

# क्वाड पुनर्जीवनमा रुबियोको जोड



**नयाँदिल्ली ।**
अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भारतमा भएको उच्चस्तरीय बैठकमार्फत अस्ट्रेलिया, भारत र जापानसँगको सुरक्षा तथा रणनीतिक सहकार्य समूह ‘क्वाड’ लाई पुनः सक्रिय र प्रभावकारी बनाउन आह्वान गरेका छन् । चीनले सन्देहपूर्ण दृष्टिले हेर्ने यस समूहलाई नयाँ सन्दर्भमा अझ सुदृढ बनाउने अमेरिकी प्रयासबीच उनले सहयोगलाई ‘फोरमबाट कार्यमुखी साझेदारी’ तर्फ लैजानुपर्ने आवश्यकता औँल्याएका हुन् ।

यो बैठक अमेरिकाले इरानसँग सम्बन्धित नीति र अमेरिकी प्रतिबद्धताबारे अन्तर्राष्ट्रिय स्तरमा उठिरहेका प्रश्नबीच भएको हो । विश्लेषकहरूका अनुसार हालैका भू–राजनीतिक घटनाक्रमले क्वाडलाई पुनः सक्रिय बनाउने दबाब थपिएको छ । नयाँदिल्लीमा भएको छलफल ट्रम्प प्रशासनले चीनसँगको सम्बन्धमा देखाएको हालको लचकता र ‘जी–२’ अवधारणाबारे सार्वजनिक बहसपछि भएको हो । यसले अमेरिकी गठबन्धन रणनीतिमा सम्भावित परिवर्तनको सङ्केत दिँदै सहयोगी मुलुकहरूबीच अनिश्चितता पनि बढाएको बताइन्छ । रुबियोले गत वर्ष वासिङ्टनमा पदभार ग्रहण गरेलगत्तै क्वाड विदेशमन्त्रीहरूको बैठक आयोजना गरेका थिए भने जुलाई २०२५ मा पुनः चारै देशका प्रतिनिधिहरू वासिङ्टनमा भेटेका थिए । अपेक्षित वार्षिक क्वाड शिखर सम्मेलन अझै आयोजना हुन सकेको छैन र त्यसैसँगै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको भारत भ्रमण पनि अहिलेसम्म निश्चित भइसकेको छैन भन्ने बताइएको छ । नयाँदिल्लीमा आफ्ना समकक्षीहरूसँगको छलफलमा रुबियोले क्वाड हालको विश्व परिस्थितिका कारण पहिलेभन्दा अझ बढी सान्दर्भिक बनेको बताए । उनका अनुसार यस समूहलाई अब केवल छलफल गर्ने मञ्चका रूपमा नभई, ठोस परिणाम दिने सहकार्य संरचनाका रूपमा विकास गर्न आवश्यक छ । उनले सहयोगलाई ‘धेरै आक्रामक गतिमा’ अघि बढाइएको दाबीसमेत गरे ।

उनले विशेष गरी महत्त्वपूर्ण खनिज आपूर्ति शृङ्खला सुरक्षित गर्नु अहिलेको प्राथमिकता भएको बताए । ट्रम्प प्रशासनले चीनको उच्च–प्रविधि र खनिज स्रोत नियन्त्रणमा बढ्दो प्रभावलाई चुनौती दिन सहयोगी नेटवर्क विस्तार गर्ने रणनीति अपनाएको विश्लेषण गरिएको छ । रुबियोले क्वाडको सहकार्यमा समुद्री मार्गको स्वतन्त्रता, मानवीय सहायता तथा ऊर्जा सुरक्षाजस्ता क्षेत्रहरू पनि प्राथमिकतामा रहेको उल्लेख गरे । उनका अनुसार चारै राष्ट्रसँग भएका विशिष्ट क्षमता मिलेर विश्वका प्रमुख चुनौती समाधान गर्न सकिने सम्भावना रहेको छ ।

यसैबीच बैठकमा इरानसँग सम्बन्धित मतभेद पनि स्पष्ट रूपमा देखा परेको छ । समुद्री मार्गको स्वतन्त्रता लामो समयदेखि दक्षिण चीन सागरमा चीनको गतिविधिविरुद्ध प्रयोग हुँदै आएको कूटनीतिक अवधारणा भए पनि हाल यसलाई इरानसँगको तनावमा समेत जोडेर व्याख्या गरिएको छ । हालै इरानसँग सम्बन्धित घटनाक्रम, विशेषगरी हर्मुज जलघाँटीको रणनीतिक नियन्त्रणलाई लिएर विकसित तनावबीच अमेरिकाले सहयोगी मुलुकहरूलाई अझ सक्रिय भूमिका खेल्न आग्रह गरिरहेको छ । तर इजरायलबाहेक अन्य प्रमुख अमेरिकी सहयोगीहरूले इरानमाथिको कठोर सैन्य कारबाहीलाई पूर्ण समर्थन नजनाएको पृष्ठभूमिमा आन्तरिक मतभेद देखिएको छ ।

यस परिस्थितिले राष्ट्रपति ट्रम्पलाई असन्तुष्ट बनाएको बताइन्छ । उनले अमेरिकी साझेदारहरूको प्रतिबद्धतामाथि प्रश्न उठाएका छन् । उनले पहिले परामर्श नभएको विषयप्रति असन्तोष व्यक्त गरेको चर्चा पनि अन्तर्राष्ट्रिय वृत्तमा छ । भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्करले छलफल मुख्य रूपमा इन्डो–प्यासिफिक क्षेत्र केन्द्रित रहेको र यही क्षेत्र क्वाडको मूल दायरा भएको स्पष्ट गरे । भारतले रणनीतिक सन्तुलन र क्षेत्रीय स्थायित्वलाई प्राथमिकतामा राख्दै छलफल अघि बढाएको बताइएको छ ।

यसैबीच रुससँगको सम्बन्धका कारण भारत अन्य क्वाड साझेदारभन्दा फरक दृष्टिकोणमा रहेको पनि विश्लेषण गरिएको छ । भारतले रुससँग लामो समयदेखि सम्बन्ध कायम राख्दै युक्रेन युद्धका सन्दर्भमा पश्चिमी दबाबबीच सन्तुलित नीति अपनाउँदै आएको छ । अस्ट्रेलियाका विदेशमन्त्री पेनी वोङले वर्तमान विश्व परिस्थितिलाई ‘बिग्रिँदो रणनीतिक वातावरण र तीव्र आर्थिक दबाब’ का रूपमा चित्रण गर्दै एसिया केन्द्रित सहकार्य अझ आवश्यक भएको बताए ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले इरानको आणविक कार्यक्रमप्रति चिन्ता व्यक्त गर्दै केही हदसम्म अमेरिकी दृष्टिकोणसँग सहमति जनाएको भए पनि प्रत्यक्ष सैन्य समर्थन नदिएको उल्लेख छ । यसले ट्रम्प प्रशासनसँग केही मतभेद उत्पन्न भएको पनि बताइएको छ । जापान र भारतले ऐतिहासिक रूपमा इरानसँग सम्बन्ध कायम राख्दै आएका छन्, यद्यपि अमेरिकी प्रतिबन्धका कारण इरानी तेल खरिदमा उनीहरू प्रतिबन्धित नीतिको पालना गर्दै आएका छन् ।

जापानका विदेशमन्त्री तोसिमित्सु मोतेगीले भारतसँगको द्विपक्षीय वार्तापछि विश्व सुरक्षा अवस्था ‘थप जटिल र गम्भीर’ बन्दै गएको बताए । उनका अनुसार शक्ति सन्तुलनमा भइरहेको परिवर्तन र द्वन्द्वहरूको तीव्रताले दोस्रो विश्वयुद्धपछिको अन्तर्राष्ट्रिय संरचनामै गहिरो परिवर्तन ल्याइरहेको सङ्केत देखिएको छ । रासस

# प्रधान सेनापति राष्ट्रिय खुला टेनिस प्रतियोगिता




**काठमाडौँ ।**
नेपाली सेनाको आयोजना तथा नेपाल टेनिस सङ्घको प्राविधिक सहयोगमा सञ्चालित प्रधान सेनापति राष्ट्रिय खुला टेनिस प्रतियोगिता–२०८३ को चौथो संस्करण आज सम्पन्न भएको छ । यसै सन्दर्भमा आज जङ्गी अड्डामा आयोजित समापन समारोहमा प्रधान सेनापति अशोकराज सिग्देलले उक्त प्रतियोगितामा ‘च्याम्पियन’ हुने त्रिभुवन आर्मी क्लब, पुरुष एकल तथा महिला एकल प्रतियोगिताका विजेता क्रमशः प्रदीप खड्का र सिभाली गुरुङलाई ट्रफी र प्रमाणपत्र प्रदान गरे । यसैगरी सो प्रतियोगिताअन्तर्गत विभिन्न विधामा उत्कृष्ट हुने खेलाडीहरूलाई पनि सो समारोहमा पुरस्कार वितरण गरिएको थियो ।

यही जेठ ४ गतेबाट सुरु भएको उक्त प्रतियोगिता जङ्गी अड्डा र दशरथ रङ्गशालास्थित टेनिस कोर्टमा सञ्चालन भएको थियो । प्रतियोगितामा १२ वटा क्लबका दुई १८ जना खेलाडीले १३ वटा विधाका खेलमा प्रतिस्पर्धा गरेका थिए । समापन समारोहमा बलाधिकृत, तीनवटै सुरक्षा निकायका प्रमुख, रथीवृन्द, नेपाल टेनिस सङ्घ तथा राष्ट्रिय खेलकुद परिषद्का पदाधिकारी, विभिन्न टेनिस क्लबमा आबद्ध पदाधिकारीलगायतको उपस्थिति थियो । रासस

# मुस्ताङका उच्चलेकमा यार्सागुम्बा सङ्कलन सुरू



**मुस्ताङ ।**
मुस्ताङका उच्चलेक तथा पाटनमा यार्सागुम्बा सङ्कलन सुरू गरिएको छ । मुस्ताङको थासाङ–१ टुकुचे, थासाङ–२ कोवाङ र घरपझोङ–४ जामसोमका संरक्षण व्यवस्थापन समितिहरूले यही महिनादेखि यार्सागुम्बा सङ्कलन फुकुवा गरेका हुन् । यसअघि राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत रहेका संरक्षण व्यवस्थान समिति (सिएमसी)ले यार्सा सङ्कलन अनुमति प्रदानका लागि एक्याप कार्यालयमा निवेदन पेस गरेका थिए । सोही पत्रका आधारमा एक्यापले संरक्षण नियमावलीमा अधीनमा रहेर तोकिएको सर्त पालना गर्नेगरी निवदेन पेस गरेका संरक्षण व्यवस्थापन समितिहरूलाई यार्सागुम्बा सङ्कलन अनुमति प्रदान गरेको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्तले जानकारी दिए ।
हालसम्म मुस्ताङका तीनवटा संरक्षण व्यवस्थापन समितिले एक्याप कार्यालयबाट यार्सा सङ्कलन अनुमतिपत्र लिइसकेको र अरू समिति पनि क्रमशः अनुमतिका लागि आउने क्रममा रहेको बताए । मुस्ताङको थासाङ, घरपझोङ र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाअन्तर्गतका उच्चलेक तथा पाटनमा बहुमूल्य जटीबुटी यार्सागुम्बा पाइने गर्छ । मुस्ताङको थासाङस्थित कोवाङ र टुकुचेको उच्चलेक तथा पाटनमा वैशाखको पहिलो सातादेखि यार्सा सङ्कलन सुरू भएको संरक्षण व्यवस्थापन समिति कोवाङका अध्यक्ष जीवन थकालीले जानकारी दिए ।
थासाङको कोवाङलेमा यार्सा सङ्कलनका लागि स्थानीयलाई तीन हजार र जिल्लाबाहिरका नागरिकहरूलाई छ हजार शुल्क तोकिएको संरक्षण व्यवस्थापन समिति अध्यक्ष जीवन थकालीले बताए ।
अहिलेसम्म स्थानीय २२ जना र जिल्लाबाहिरका १०० गरी कुल १२२ जनाले यार्सा सङ्कलन अनुमतिपत्र लिइसकेको उनले जानकारी दिए । कोवाङ समितिअन्तर्गत मूली खर्क, मार्चेलेकलगायत आधा दर्जन पाटनमा यार्सा सङ्कलन गर्ने सुविधा रहेको अध्यक्ष थकालीको भनाइ छ । यसैगरी, थासाङको टुकुचेमा पनि धमाधम यार्सा सङ्कलन पुँजी वितरण भइरहेको संरक्षण क्षेत्र व्यवस्थापन समिति टुकुचेका सचिव दीपसागर थकालीले उल्लेख गरे । टुकुचे समितिबाट ३ वैशाखदेखि यार्सा पुर्जी वितरण भइरहेकामा अहिलेसम्म ५५ जनाभन्दा बढी यार्सा सङ्कलन गर्न लेकतर्फ प्रस्थान गरिसकेको सचिव थकालीले जानकारी दिए ।
थासाङको कोवाङ समितिले स्थानीयलाई एक हजार र अन्य व्यक्तिलाई तीन हजार शुल्क उठाउने गरेको सचिव थकालीले बताए । थासाङको टुकुचे समितिबाट पुर्जी लिएकाले मार्चेलेक, बतासेलेक चिउदोखर्क र धम्पुसलेकमा यार्सा सङ्कलन गर्न पाउने सचिव थकालीको भनाइ छ । मुस्ताङको घरपझोङ गाउँपालिकामा पनि सोमबारदेखि यार्सा सङ्कलन सुरू भएको संरक्षण व्यवस्थापन समिति जोमसोमका सचिव पवन गुरूङले जानकारी दिए । एक्यापको अनुमतिमा समितिमार्फत पहिलो दिन ४० जनालाई यार्सा सङ्कलन अनुमतिपत्र वितरण गरिएको सचिव गुरूङको भनाइ छ ।
जोमसोम संरक्षण व्यवस्थापन समितिले सङ्कलनलाई स्थानीय कुरिया दर्ता भएकोलाई चार हजार र कुरिया दर्ता नभएको र अन्यलाई ६ हजार यार्सा सङ्कलन शुल्क लिने गरेको सचिव गुरूङले उल्लेख गरे ।
यार्सा सङ्कलन पास वितरण एक हप्तासम्म रहने सचिव गुरूङले जनाए । मुस्ताङको थासाङ र घरपझोङ गाउँपालिकामा यार्सागुम्बा सङ्कलन सुरू हुँदा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा यार्सा सङ्कलन कार्य सुरू भइनसकेको मुक्तिनाथ संरक्षण व्यवस्थापन समितिका सचिव लाक्पाटसी गुरूङले जानकारी दिए ।
मुक्तिनाथ समितिले अझै यार्सा सङ्कलनका लागि एक्यापसँग पूर्वस्वीकृति समेत लिएको छैन । समितिका सचिव लाक्पाटसी गुरूङले यार्सा सङ्कलन पुर्जी वितरणका लागि चाँडै नै समितिको बैठक बसेर निर्णय लिइने जानकारी दिए ।
हामी कहाँ अन्यत्रको भन्दा केही ढिलो सुरू हुन्छ, यसको कारण उच्चलेक र पाटनमा हिउँ जमेको छ, सचिव गुरूङले भने, सम्भवतः जेठको दोस्रो साता यार्सा सङ्कलन फुकुवा गर्ने कुरा छ, हामी त्यही अनुसारको सुविधा दिनेगरी अघि बढ्छौँ ।
मुक्तिनाथ संरक्षण व्यवस्थापन समितिले आफ्नो मातहतमा पर्ने मुक्तिनाथलेक, रिसम्वालेक, नेरलेक र लुप्रालेकलगायतमा यार्सा सङ्कलन पुर्जी दिने गरेको सचिव गुरूङको भनाइ छ । गत वर्ष समितिले १ जेठदेखि यार्सा सङ्कलन अनुमति दिएको र यो वर्ष केही ढिला हुनसक्ने बताए । मुक्तिनाथ संरक्षण व्यवस्थापन समितिले गत वर्ष स्थानीयलाई दुई हजार र अन्यलाई सात हजार शुल्क लिएको सचिव गुरूङले जानकारी दिए ।
यस्तै, मुस्ताङका अन्य लेकमा पनि आंशिक रूपमा यार्सा सङ्कलन हुने गरेको छ । एक्यापको अनुमतिमा सम्बन्धित समितिले सङ्कलन गरेको यार्सा सङ्कलन शुल्क समितिले सामाजिक कार्यका लागि खर्च गर्न पाउने अधिकार छ ।
मुस्ताङमा एक्यापले १५ असारसम्म उच्चलेक र पाटनमा यार्सा सङ्कलन गर्न पाउनेगरी सम्बन्धित संरक्षण व्यवस्थापन समितिलाई अनुमति प्रदान गरेको हो ।
यार्सा सङ्कलन अवधिभर सम्भावित सुरक्षा जोखिम र दुर्घटना न्यूनीकरण गर्न सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्ने र सङ्कलकलाई सचेत बनाउने, वन्यजन्तु तथा अन्य वनपैदावारहरूको संरक्षणका लागि चोरी–सिकारी र अवैध गतिविधि हुन नदिने, वन डेढेलो हुनबाट रोक्ने र उच्चलेक र पाटनमा फोहोर प्रदूषण गर्न नपाइने गरी सङ्कलकलाई सचेत गराइएको छ ।
एक्याप, डिभिजन वन कार्यालय, संरक्षण व्यवस्थापन समिति, सुरक्षा निकाय र स्थानीय जनप्रतिनिधिहरूले सम्बन्धित स्थानमा नियमित यार्सा सङ्कलन क्षेत्रमा पुगेर अनुगमन गर्ने निर्णय गरिएको छ । रासस

# निजी क्षेत्रसँग सम्बन्धित बजेट कार्यान्वयनमा सुधार




काठमाडौँ ।
सरकारको वार्षिक बजेट कार्यान्वयन प्रभावकारी देखिएको छ । नेपाल उद्योग परिसङ्घ (सिएनआई)ले नेपाल आर्थिक पत्रकार समाज (सेजन)सँगको सहकार्यमा सुरु गरेको 'बजेट वाच'को तेस्रो त्रैमासको समीक्षामा बजेट कार्यान्वयनमा सुधार भएको देखिएको हो । सिएनआईका अनुसार चालु आवको बजेटमा समावेश निजी क्षेत्रसँग सम्बन्धित ७४ वटा बुँदामध्ये पूर्ण कार्यान्वयन बढेको पाइएको हो । गत आवको तेस्रो त्रैमाससम्म बजेट वाचमा समेटिएको बुँदामध्ये १७ प्रतिशत पूर्ण कार्यान्वयन भएकामा चालु आवको सोही अवधिमा २७ प्रतिशत कार्यक्रम पूर्ण कार्यान्वयन भइसकेका छन् ।
साथै गत आवको तेस्रो त्रैमाससम्म ५६ प्रतिशत कार्यक्रम आंशिक कार्यान्वयन भएकामा यस वर्षको सोही आंशिक कार्यान्वयन हुने दर ५९ प्रतिशत पुगेको छ । गत आवको उक्त अवधिसम्म २७ प्रतिशत बुँदामा शून्य कार्यान्वयन भएकामा यस वर्षको सोही अवधिमा शून्य कार्यान्वयन घटेर १५ प्रतिशतमा सीमित भएको छ ।
नेपाल उद्योग परिसङ्घ (सिएनआई)का अध्यक्ष वीरेन्द्रराज पाण्डेले चालु आवमा राजनीतिक उतारचढाव र सरकार परिवर्तनका बीच पनि बजेट कार्यान्वयनमा सुधार देखिएको बताए । उनले सरकारको वार्षिक बजेटको सफल र प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने उद्देश्यले सेजनसँगको सहकार्यमा सिएनआईले विगतका वर्षदेखि नै त्रैमासिक रूपमा 'बजेट वाच'को त्रैमासिक समीक्षा गर्दै आएको बताए ।

पर्यटन उद्योगलाई सहुलियत आवश्यक

सोही अवसरमा पर्यटन क्षेत्र विषयक समूहगत छलफलमा सरोकारवालाहरूले पर्यटन क्षेत्रको विकासका लागि नीतिगत सहजीकरण र कार्यान्वयन जरुरी भएकामा जोड दिए । नेपाल पर्यटन बोर्डका निवर्तमान प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले बोर्डले निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवद्र्धन गरिरहेको उल्लेख गर्दै विदेशी पर्यटक बढाउनका लागि यस क्षेत्रमा सहुलियत आवश्यक भएको बताए ।
हामीकहाँ विभिन्न कारणले अपेक्षाकृत रूपमा विदेशी पर्यटन आउन नसकेको अवस्था छ, अहिले होटलमा औसतमा ४० प्रतिशत पनि अकुपेन्सी छैन, यस्तोमा सरकारले विद्युत् महसुल लगतमा सहुलियत नदिए टिक्न पनि गाह्रो हुन्छ, उनले भने । होटल सङ्घ नेपालका प्रमुख कार्यकारी अधिकृत (सिइओ) टेकबहादुर महतले सरकारले होटल क्षेत्रलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगका रूपमा मान्यता दिए पनि सो कार्यान्वयनमा भने नभएको बताए ।
"होटलले उद्योगको मान्यता पायो, चालु आवको बजेटमा विद्युत् र आयकरमा छुट दिने पनि भनियो तर हालसम्म पनि कार्यान्वयन नभएको अवस्था छ", उनले भने ।
नेपाल वायुसेवा सञ्चालक सङ्घका उपाध्यक्ष सुभास सापकोटाले नेपालको आन्तरिक हवाई 'कनेक्टिभिटी' राम्रो भएको बताए ।
यद्यपि सरकारलाई बुझाउनुपर्ने अत्यधिक शुल्कका कारण टिकट शुल्क महँगो हुँदै गएको बताए । उनका अनुसार हाल वायुसेवा कम्पनीले रु १०० आम्दानी गर्दा करिब रु ४२ विभिन्न शीर्षकमा सरकारलाई बुझाउनुपरेको छ ।
हवाई क्षेत्र प्रतिस्पर्धी छ, तर सरकारको विद्यामान नीतिका कारण पहाडी क्षेत्रमा हवाई उडानमा समस्या हँदै गएको छ, लुक्ला र जोमसोमबाहेकको 'स्टोल' रुटमा भएका विमानस्थल व्यावसायिक रूपमा घाटामा छन्, यही नीति कायम रहने हो भने आगामी पाँच वर्षमा स्टोल रुटमा जाने विमान नै नहुने अवस्था छ, उनले भने ।
सिएनआईअन्तर्गतको पर्यटन समितिका सभापति पम्फा धमलाले पर्यटन प्रवद्र्धनका लागि विमान संख्या बढाउनुपर्नेमा जोड दिए । "निर्माण भएका विमानस्थल पनि सञ्चालन नहुँदा पर्यटक बढ्न सकेका छैनन् भने व्यवसायीको लगानी पनि खेर गइरहेकातर्फ सरकारले ध्यान दिनुपर्छ, उनले भने, सरकारको ध्यान निर्माण भएको विमानस्थललाई पूर्ण रूपमा सञ्चालन गर्नेमा हुनुपर्छ । रासस

# २५ करोड पर्ने १२ टन सल्लाको आँख्ला निकासी नहुँदा समस्या



**नेपालगन्ज ।**
सल्लाको आख्ला भारत निकासी नहुँदा जडीबुटी व्यवसायी समस्यामा परेका छन् । आँख्लाको निकासी कर शतप्रतिशत भएकाले रु २५ करोड बराबरको १२ टन सल्लाको आँख्ला गोदाममा थन्किएको नेपाल जडीबुटी व्यवसायी सङ्घ, नेपालगन्जका अध्यक्ष टङ्क शर्माले बताए । "भन्सार निकासी छुट भए सल्लाको आँख्ला भारत निकासी हुन्छ, व्यवसायीले लगानी गरेर गोदाममा थन्क्याएका छन्", उनले भने ।
अध्यक्ष शर्माले सरकारसँग आग्रह गरे पनि यसको समाधान हुन नसकेको बताए । करिब ३० वर्ष पुरानो सल्लाको रुखबाट त्यस्तो आँख्ला निस्कने गरेको र त्यसलाई भारतमा श्रीखण्ड जस्तै महत्त्व दिने गरिएको उहाँको भनाइ छ । सो सल्लाको आँख्ला डोटी, डडेलधुरा, बैतडीलगायत जिल्लाबाट नेपालगन्ज आउँछ । यसबाहेक जटामसी, अमला, खिरौला, दालचिनी पनि निकासी हुन सकेको छैन । यी जडीबुटी भारतमा सूचीकृत नभएका कारण निकासी हुन नसकेको उनले बताए । अध्यक्ष शर्माले नेपालमा जडीबुटीबाट प्रशस्त सम्भावना रहे पनि त्यसतर्फ ध्यान र चासो पुग्न नसकेको औँल्याउँदै नेपालको घरघरमा जडीबुटीको उत्पादन भइरहेको बताए ।

# विधेयकमा शिक्षा मन्त्रालयले माग्यो सुझाव




**काठमाडौँ ।**
शिक्षा तथा खेलकुद मन्त्रालयले 'प्राविधिक तथा व्यावसायिक तालिमसम्बन्धी संशोधन र एकीकरण गर्न बनेको विधेयक'माथि सुझाव मागेको छ ।
गुणस्तरीय प्राविधिक शिक्षा र सीप विकासको अवसरलाई पहुँचयोग्य बनाइ शिक्षा र तालिमलाई सीप, श्रम, रोजगारी, उत्पादन र समृद्धिसँग आबद्ध गर्न ल्याउन लागिएको सो विधेयकलाई मन्त्रालयले बेवसाइटमा राखेर सुझाव मागेको हो ।
मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा योगदान गर्न सक्ने आधारभूत, मध्यम तथा उच्चस्तरको प्राविधिक जनशक्तिको उत्पादन गर्नका लागि सो विधेयक तयार गरिएको मन्त्रालयले जनाएको छ । विद्यमान 'प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५' लाई खारेज गर्ने गरी प्रस्ताव गरिएको एकीकृत विधेयकमा परिषद्लाई श्रम बजारको आवश्यकताबमोजिम पाठ्यक्रम, सम्बन्धन र शिक्षालय निर्धारणको अधिकार दिइएको छ । रासस

# बौद्धनाथ क्षेत्रको अभिलेख सुरक्षित राख्न निर्देशन



**काठमाडौँ ।**
बौद्धनाथ क्षेत्र विकास समितिले प्रत्येक वर्ष गर्ने अध्ययन, अनुसन्धानसम्बन्धी अभिलेख सुरक्षित राखेको नपाइएको महालेखापरीक्षकको ६३ औँ प्रतिवेदनमा उल्लेख छ ।
समिति गठन आदेश, २०५३ को दफा ४ मा बौद्धनाथ क्षेत्रभित्रको बौद्ध धर्मसँग सम्बन्धित सामाजिक, आर्थिक, सांस्कृतिक र पुरातात्विक वस्तुको संरक्षण गर्नुपर्ने व्यवस्था छ । समितिले प्रत्येक वर्ष बौद्ध धर्मसँग सम्बन्धित सामाजिक, आर्थिक, सांस्कृतिक र पुरातात्विक मूर्त, अमूर्त वस्तुको अध्ययन, अनुसन्धानसम्बन्धी कार्यक्रम गर्ने गरेकामा त्यस्ता अनुसन्धानात्मक अध्ययन सामग्रीहरुको विषय क्षेत्रगत रुपमा डिजिटल, अर्काइभ वा अन्य वैज्ञानिक ढङ्गले सुरक्षित राख्ने संयन्त्र निर्माण गरेको नदेखिएको महालेखापरीक्षकको ६३ औँ प्रतिवेदनमा उल्लेख छ ।
त्यस्ता सामग्रीको अभिलेख व्यवस्थापन गरी सुरक्षित राख्न पनि महालेखापरीक्षकको कार्यालयले निर्देशन दिएको छ । विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ क्षेत्रमा समिति र बौद्ध तथा मेलम्ची घ्याङ गुठीबीच विवाद हुँदै आएको छ ।
भूमि व्यवस्था मन्त्रालयअन्तर्गत गुठी संस्थान मातहतको गुठी र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको समितिको विवादका कारण बौद्ध क्षेत्रका सम्पदाको समुचित विकास हुन सकेको छैन । जसका कारण विदेशी पर्यटक आकर्षित हुने संरचना निर्माण हुन सकेको छैन । रासस

# मधेश सरकारका मन्त्रालयहरुमा प्रदेश सचिव पदस्थापन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लामो समयदेखि निमित्त प्रदेश सचिवको भरमा सञ्चालन हुँदै आएका मधेश प्रदेश सरकारका विभिन्न मन्त्रालयमा प्रदेश सचिव पदस्थापन गरिएको छ । संघीय सरकारले गरेको सरुवापछि मधेश प्रदेश सरकारको मन्त्रिपरिषद्ले विभिन्न मन्त्रालयमा सचिव खटाउने निर्णय गरेको हो ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले प्रशासनिक नेतृत्व अभाव झेलिरहेका मन्त्रालयहरूमा सचिव पठाउने निर्णय गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशका सूचना अधिकारी रोहित कुमार कोइरालाले जानकारी दिए ।

प्रदेश सरकारअन्तर्गतका गृह, सञ्चार तथा कानुन मन्त्रालय, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय तथा भौतिक पूर्वाधार विकास मन्त्रालय लामो समयदेखि निमित्त सचिवको भरमा सञ्चालन हुँदै आएका थिए । सचिव अभावका कारण योजना कार्यान्वयन, फाइल निर्णय, कर्मचारी व्यवस्थापन र नीतिगत कामसमेत प्रभावित हुँदै आएको थियो ।

मन्त्रिपरिषद्को निर्णयअनुसार पार्वती शर्मा लाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रदेश सचिवका रूपमा पदस्थापन गरिएको छ । यसअघि उक्त जिम्मेवारीमा रहेका यमेन्द्र उपाध्याय लोकसेवा आयोगमा सरुवा भएपछि उनको स्थानमा शर्मालाई ल्याइएको हो ।

त्यसैगरी महेश बराललाई पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिवको जिम्मेवारी दिइएको छ । प्रशासनिक तथा समन्वयकारी भूमिकालाई प्रभावकारी बनाउन मुख्यमन्त्री कार्यालयमा दुई सचिवको व्यवस्था गरिएको जनाइएको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयमा सेवन्तक पोखरेललाई प्रदेश सचिवका रूपमा पठाइएको छ ।

यस्तै, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमा होमनाथ पौडेललाई सचिवको जिम्मेवारी दिइएको छ भने भौतिक पूर्वाधार विकास मन्त्रालयमा ओमराज ढुंगाना लाई पठाइएको छ ।

यसअघि अतिरिक्त जिम्मेवारी सम्हालिरहेका रामकुमार महतोलाई अर्थ मन्त्रालयमै पदस्थापन गरिएको छ । साथै अतिरिक्त समूहमा रहेका युवराज अधिकारीलाई खेलकुद तथा समाज कल्याण मन्त्रालयमा पठाइएको छ ।

खेलकुद तथा समाज कल्याण मन्त्रालयमा निमित्त सचिवको जिम्मेवारी सम्हालिरहेका सुशील साहलाई उद्योग विभाग वीरगंजमा सरुवा गरिएको छ ।

# जनसंख्याको आधारमा बजेट दिन मधेश सरकारको माग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका निवर्तमान स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल रायले संघीय सरकारसँग जनसंख्याको अनुपातमा बजेट विनियोजन गर्न माग गरेका छन् । नेपाल सरकारको स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयद्वारा आयोजित राष्ट्रिय जनसंख्या नीति सार्वजनिकीकरण तथा अभिमुखीकरण कार्यक्रममा बोल्दै मन्त्री रायले जनसंख्या देशको विकाससँग प्रत्यक्ष जोडिएको विषय भएकाले त्यसअनुसार स्रोत र बजेट सुनिश्चित गर्नुपर्ने बताएका हुन् ।

उनले देशभर जनसंख्याको असन्तुलन बढिरहेका बेला मधेशमा जनसंख्या वृद्धि दर उच्च रहेको उल्लेख गर्दै प्रदेशको आवश्यकता अनुसार योजना र बजेट ल्याउन आग्रह गरे । मन्त्री रायले जनसंख्या नै विकासको प्रमुख आधार भएको उल्लेख गर्दै स्रोत–साधनको उपलब्धता पनि जनसंख्याको अनुपातमा हुनुपर्ने धारणा राखे ।

कार्यक्रममा मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव प्रमोद यादवले पनि जनसंख्याको तुलनामा पर्याप्त बजेट नपाउँदा मधेश धेरै सूचकमा पछाडि परेको बताए । उनका अनुसार देशको कुल जनसंख्याको झण्डै एक तिहाइ हिस्सा मधेशमा रहेको छ । नवजात शिशु, किशोर–किशोरी तथा प्रजनन उमेर समूहको जनसंख्या पनि ठूलो संख्यामा मधेशमै केन्द्रित रहेको उनले बताए ।

सचिव यादवले मधेशमा देशको महत्वपूर्ण जनशक्ति रहेको उल्लेख गर्दै संघ, प्रदेश र स्थानीय तहले समन्वय गरेर जनसंख्याअनुसार नीति तथा कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिए । उनले मधेश सरकारले आफ्नै स्वास्थ्य नीति ल्याउने तयारीसमेत भइरहेको जानकारी दिए ।

कार्यक्रममा देशभर बढ्दो जनसंख्या असन्तुलन, त्यसबाट उत्पन्न चुनौती तथा समाधानका उपायबारे छलफल गरिएको थियो ।

# सरकारी गाडीको दुरुपयोग रोक्न धनुषा प्रशासनको कडाइ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रशासन कार्यालय धनुषाले सरकारी नम्बर प्लेटका सवारी साधनको अनधिकृत प्रयोग नियन्त्रण गर्न निगरानी कडा बनाएको छ । प्रशासनले ट्राफिक प्रहरीलाई बिदाको दिन तथा कार्यालय समयबाहिर सञ्चालनमा देखिने सरकारी गाडीमाथि विशेष निगरानी राख्न निर्देशन दिएको हो ।

सरकारी सवारी साधन निजी काममा प्रयोग भइरहेको भन्ने गुनासो बढ्न थालेपछि प्रशासनले यस्तो कदम चालेको जनाएको छ । प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलका अनुसार कार्यालयको आधिकारिक प्रयोजनबाहेक सरकारी गाडी चलाउने प्रवृत्ति रोक्न अभियान सुरु गरिएको हो ।

निर्देशनअनुसार अब अनुमति बिना सञ्चालनमा रहेका सरकारी नम्बर प्लेटका सवारी साधन जहाँ भेटिए पनि नियन्त्रणमा लिएर आवश्यक छानबिन गरिनेछ ।

छानबिनपछि नियम उल्लंघन गरेको पाइए कानुनी प्रक्रिया अघि बढाइने प्रशासनले स्पष्ट पारेको छ ।

ट्राफिक प्रहरीलाई यस्ता सवारीको गतिविधिमाथि नियमित अनुगमन गर्न भनिएको छ भने सरकारी सम्पत्तिको दुरुपयोग नगर्न सम्बन्धित कार्यालय र चालकहरूलाई पनि सचेत गराइएको छ । प्रशासनले नियमविपरीत सरकारी गाडी प्रयोग गरे कारबाही हुने चेतावनीसमेत दिएको छ ।

# भरुवा बन्दुकसहित सर्लाहीबाट एक पक्राउ, तीन जना फरार



मधेशदृष्टि
जनकपुरधाम ।
सर्लाहीको बरहथवा नगरपालिका क्षेत्रमा प्रहरीले भरुवा बन्दुक तथा त्यसमा प्रयोग हुने सामग्रीसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बागमती नगरपालिका–२ सुकुमवासी टोल निवासी बुद्धीमान घलान रहेका छन् ।

इलाका प्रहरी कार्यालय बरहथवा र इलाका प्रहरी कार्यालय हिरापुरबाट खटिएको संयुक्त टोलीले सोमबार बरहथवा नगरपालिका–१२ लौकट टोल क्षेत्रमा गोप्य सूचनाका आधारमा खोजतलास अभियान सञ्चालन गरेको थियो । प्रहरीले केही व्यक्तिहरू अवैध भरुवा बन्दुक बोकेर हिँडडुल गरिरहेको सूचना पाएपछि निगरानी बढाएको जनाएको छ ।

खोजतलासका क्रममा चार जनाको समूहमा रहेका व्यक्तिहरूले प्रहरी टोलीलाई देख्नेबित्तिकै भाग्ने प्रयास गरेका थिए । त्यसक्रममा प्रहरीले बुद्धीमान घलानलाई नियन्त्रणमा लिन सफल भएको भए पनि अन्य तीन जना फरार भएका छन् ।

प्रहरीका अनुसार पक्राउ परेका घलानको शरीर तथा साथमा रहेको झोला खानतलासी गर्दा एक थान भरुवा बन्दुक, बन्दुकमा प्रयोग हुने फलामको रड, १७५ ग्राम बारुद, ८० थान फलामका गोली तथा फलामका रडका पाँच टुक्रा बरामद गरिएको छ ।

घलानविरुद्ध हातहतियार तथा खरखजाना सम्बन्धी कसुरमा मुद्दा दर्ता गरिएको प्रहरीले जनाएको छ । सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थप अनुमति लिएर घटनाबारे थप अनुसन्धान अघि बढाइएको छ । साथै फरार रहेका अन्य व्यक्तिहरूको खोजी कार्यसमेत जारी रहेको प्रहरीले जानकारी दिएको छ ।

# मिथिलाञ्चलमा श्रद्धापूर्वक मनाइयो गंगा दशहरा पर्व

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जेठ शुक्ल दशमी अर्थात् गंगा दशहरा पर्व मिथिलाञ्चलसहित देशका विभिन्न स्थानमा श्रद्धा र भक्तिपूर्वक मनाइएको छ । गंगा पृथ्वीमा अवतरण भएको दिनको सम्झनामा यो पर्व मनाउने परम्परा रहिआएको छ । धार्मिक मान्यताअनुसार राजा भगीरथले कठोर तपस्या र प्रयासपछि यही दिन भागीरथी गंगालाई पृथ्वीमा ल्याएका थिए । धर्मग्रन्थ तथा पुराणहरूमा गंगा दशहराको दिन स्नान, तर्पण र पूजा–आराधना गरे दश प्रकारका पाप नष्ट हुने विश्वास उल्लेख गरिएको छ ।

यस अवसरमा श्रद्धालुहरूले पवित्र नदी, तलाउ तथा तीर्थस्थलमा स्नान गरी भगवान् शिवलाई जलाभिषेक गर्ने चलन रहेको छ । गंगा स्नान तथा पूजा–अर्चनाबाट पुण्य प्राप्त हुने धार्मिक विश्वास रहँदै आएको छ ।

यता जनकपुरधाम स्थित दशरथ तलाउमा पनि गंगा दशहरा पर्वको अवसरमा धार्मिक मेला लागेको थियो ।



गंगा दशहराका दिन दशरथ तलाउमा स्नान तथा ध्यान गर्नाले विशेष फल प्राप्त हुने जनविश्वासका कारण श्रद्धालुहरूको भीड लागेको थियो । मिथिला क्षेत्रमा यस दिन तलाउमा स्नान गरेपछि आँप, च्युरा र दही खाने परम्परासमेत रहेको छ ।

# सहमतिपछि बर्दिवासस्थित कालापानी आन्दोलन स्थगित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको बर्दिबास नगरपालिका–३ स्थित कालापानी क्षेत्रमा वन अतिक्रमण हटाउने विषयमा सुरु भएको आन्दोलन सहमतिपछि स्थगित गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरी, बर्दिबास नगरपालिका, डिभिजन वन कार्यालय र आन्दोलनरत पक्षबीच भएको छलफलपछि तत्कालका लागि बस्ती खाली नगराउने सहमति जुटेको हो । सहमति अनुसार कालापानी बस्तीको विषयमा स्थानीय प्रशासनमार्फत संघीय सरकारलाई यथाशीघ्र जानकारी गराइनेछ । भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबास गर्नेहरुको व्यवस्थापन स्थानीय तहसँग समन्वय र सहकार्य गरेर मात्र अघि बढाइने निर्णयसमेत गरिएको छ । यसअघि स्थानीय सरकारले गरेको घरजग्गा संकलन तथा प्रमाणीकरण प्रक्रियालाई आधार बनाएर आगामी काम अघि बढाइने सहमति भएको जनाइएको छ । आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको उपचार खर्च पनि सरकार पक्षले व्यहोर्ने सहमति भएको छ । डिभिजन वन कार्यालयका कर्मचारीहरूले स्थानीय बासिन्दालाई मौखिक रूपमा नम्बरी जग्गाको पूर्जा देखाउन र कागजात नभए जग्गा खाली गर्न भनेपछि त्यहाँका सुकुम्बासीहरू आन्दोलनमा उत्रिएका थिए ।वार्तामा इन्द्रदेव यादव, प्रह्लाद क्षेत्री, अजयकुमार मिश्र लगायत सुकुम्बासी प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# बजेट लेखन अन्तिम चरणमा

**काठमाडौं ।**
सरोकारवाला निकायको महत्त्वपूर्ण सुझावलाई समेटेर अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट लेखनलाई करिब अन्तिम चरणमा पुर्‍याएको छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सङ्घीय संसद्का दुवै सदनमा सांसदहरूले दिनुभएको सुझाव, राष्ट्रिय स्वतन्त्र पार्टीले गत फागुन २१ को निर्वाचनमा व्यक्त गरेको वाचापत्र, सरकारको सुशासनको मार्गचित्रलगायतका विषयलाई केन्द्रमा राखेर बजेट लेखन गरिरहेका छन् ।

जेठ १५ गते गणतन्त्र दिवसको दिन सङ्घीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्रीले आगामी आवको बजेट प्रस्तुत गर्ने कार्यक्रम छ । नयाँ संविधान जारी भएपछि हरेक वर्ष जेठ १५ गते नै बजेट प्रस्तुत हुँदै आएको छ । पछिल्ला केही दिनदेखि अर्थमन्त्री डा वाग्लेले बिहानदेखि मध्यरातसम्म बजेट लेखनलाई अन्तिम रूप दिन लागि पर्नुभएको उनका स्वकीय सचिव नवीन ढुङ्गानाले जानकारी दिए ।

सङ्घीय संसद्ले सांसदहरूले विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्त माथिको छलफलमा क्रममा दिनुभएको सुझावलाई पनि लिपिबद्ध गरेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र अर्थमन्त्रालयलाई उपलब्ध गराएको छ ।

अर्थमन्त्री डा. वाग्लेले पूर्वअर्थमन्त्री, अर्थविद्हरूसँग पनि बजेटका बारेमा छलफल गरिसकेका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स जस्ता संस्थाको सुझाव यसअघि नै लिइसकेका छन् । महासङ्घले तीन महले नै बनाएर आगामी आवको बजेटमा समावेश गर्नुपर्ने विषय उपलब्ध गराएको छ ।

महासङ्घले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई बजेटका सुझाव पेस गर्दै महासङ्घले आगामी बजेट केवल सामान्य वार्षिक दस्तावेज मात्र नभई नेपालको आर्थिक इतिहासकै विशिष्ट मोडमा आउन लागेको भन्दै अर्थतन्त्रको वर्तमान मोडेलमा आमूल परिवर्तन गर्न सुझाव दिएको छ ।

अर्थमन्त्री डा. वाग्लेले पनि नागरिकले अब भाषण होइन, परिणाम खोजेको उल्लेख गर्दै कानुनी सुधार, संस्थागत उत्तरदायित्व, समयसीमा, डिजिटल ट्र्याकिङ, प्रत्यक्ष अनुगमन र परिणाम मापनलाई राज्य सञ्चालनको केन्द्रमा राखिएको बताए । उनले पहिलो पटक मिसन मोडका आधारमा अगाडि बढ्न खोजेको यसअघि नै स्पष्ट पारेका छन् ।

झन्डै दुई तिहाइ जनमत प्राप्त सरकारले प्रस्तुत गर्न लागेको बजेटलाई अत्यन्तै महत्त्वका साथ हेरिएको छ । सिंहदरबारस्थित नवनिर्मित सङ्घीय संसद् भवनमा अर्थमन्त्री डा. वाग्लेले बजेट प्रस्तुत गर्नेछन् ।

सङ्घीय संसद् सचिवालयका अनुसार बजेट प्रस्तुत गरिने भवनको निर्माण सम्पन्न भएको छ । सभामुख डोलप्रसाद अर्याल र अर्थमन्त्री वाग्लेलगायतको टोलीले सोमबार नवनिर्मित भवनको अवलोकन निरीक्षण गरेका थिए ।

विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्त प्रस्तुत गर्ने क्रममा नै अर्थमन्त्री डा वाग्लेले नयाँ आधारमा नयाँ आवको बजेट आउने सङ्केत गरिसकेका छन् ।

# आयोगमा दुई सदस्य नियुक्त



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश जनलोकपाल आयोगमा दुई जना नयाँ सदस्य नियुक्त भएका छन् । प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले प्रदेश जनलोकपाल ऐन, २०७७ बमोजिम गठित सिफारिस समितिको सिफारिसका आधारमा उक्त नियुक्ति गरेका हुन् ।

नियुक्त हुनेमा महोत्तरीका संजीव कुमार झा र कुमारी सुजाता विमल रहेका छन् । प्रदेश प्रमुखको कार्यालयले मंगलबार जारी गरेको विज्ञप्तिअनुसार औरही नगरपालिका–७ निवासी झा तथा श्रीपुर नगरपालिका–८ निवासी विमललाई आयोगको सदस्य पदमा नियुक्त गरिएको हो ।

प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता विष्णुदेव साहद्वारा जारी विज्ञप्तिमा आयोगलाई पूर्णता दिँदै यसको कामकारबाहीलाई थप प्रभावकारी बनाउने उद्देश्यले सदस्य नियुक्त गरिएको उल्लेख गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन